चैत – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क २३ | २०७५, चैत १-१५ | पूर्णाङ्क ६४१



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री मन्दिरा शाही
शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री राजकुमार गुरूङ
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संवैधानिक इजलास | ७५ |
| जम्मा | ७५ |

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, चैत – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

---

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संवैधानिक इजलास | | | १ - ३६ |
| १. | उत्प्रेषण | श्रीप्रसाद पण्डितसमेत वि. प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | १ |
| २. | उत्प्रेषण / परमादेश | एनसेल प्रा.लि. वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २ |
| ३. | उत्प्रेषण / परमादेश | अब्दुल मजिद मुसलान वि. राष्ट्रपतिको कार्यालय, सितलनिवास, काठमाडौंसमेत | ३ |
| ४. | उत्प्रेषण | धनेश्वर पौडेलसमेत वि. राष्ट्रपतिको कार्यालय, सितलनिवास, काठमाडौंसमेत | ४ |
| ५. | उत्प्रेषण / परमादेश | भरतबहादुर कुँवरसमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ४ |
| ६. | उत्प्रेषण / परमादेश | हेमराज पुजारासमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ५ |
| ७. | उत्प्रेषण / परमादेश | सम्पतकुमार अर्यालसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत | ५ |
| ८. | उत्प्रेषण / परमादेश | पूर्णलाल महर्जनसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ६ |
| ९. | उत्प्रेषण / प्रतिषेध / परमादेश | भवानी खड्कासमेत वि. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड केन्द्रीय कार्यालय रामशाहपथ, काठमाडौंसमेत | ९ |
| १०. | परमादेश | केशवप्रसाद बराल वि. संवैधानिक परिषद्को कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | १० |

| | | | |
|---|---|---|---|
| ११. | नेपालको संविधानको धारा ४६ तथा १३३(१) संविधानसँग बाझिएको ऐनको व्यवस्था अमान्य र बदर घोषणा गरिपाऊँ | माधवकुमार बस्नेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १० |
| १२. | नेपालको संविधानको धारा ४६ तथा १३३(१) समेतसँग बाझिएको नियमावली, प्ररम्भदेखि नै अमान्य र बदर घोषणा गरिपाऊँ | माधवकुमार बस्नेतसमेत वि. सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं | ११ |
| १३. | उत्प्रेषण / परमादेश | प्रेमबहादुर सिंह वि. निर्वाचन आयोग, नेपाल | १२ |
| १४. | उत्प्रेषण / परमादेश | शम्भुबहादुर कार्कीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १२ |
| १५. | उत्प्रेषण / परमादेश | शम्भुकुमार दास वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत | १३ |

| | | | |
|---|---|---|---|
| १६. | उत्प्रेषण / परमादेश | कमलेश द्विवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १४ |
| १७. | उत्प्रेषण / परमादेश | पुन्नेप्रसाद थारूसमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १४ |
| १८. | उत्प्रेषण / परमादेश | ग्रिन लाइन मिडिया प्रा.लि.समेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १५ |
| १९. | उत्प्रेषण / परमादेश | राधेश्याम झासमेत वि. राष्ट्रपतिको कार्यालय, शीतल निवास, काठमाडौंसमेत | १५ |
| २०. | उत्प्रेषण / परमादेश | वीरेन्द्रप्रसाद थपलिया वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १६ |
| २१. | उत्प्रेषण | भरतमणि गौतम वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १६ |

| | | | |
|---|---|---|---|
| २२. | परमादेश | भद्रप्रसाद नेपालसमेत वि. सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं | १७ |
| २३. | उत्प्रेषण / परमादेश | वीरेन्द्रकुमार ठाकुरसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | १८ |
| २४. | परमादेश | सुषमा द्विवेदी (लोहनी) वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १८ |
| २५. | उत्प्रेषण / परमादेश | दानबहादुर विश्वकर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालाय, सिंहदरबार काठमाडौंसमेत | १९ |
| २६. | उत्प्रेषण / परमादेश | उज्वलबहादुर थापा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २० |

| | | | |
|---|---|---|---|
| २७. | उत्प्रेषण | विष्णुबहादुर क्षेत्री वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २० |
| २८. | उत्प्रेषण | डेगराज काफ्ले वि. व्यवस्थापिका संसद्, सिंहदरबारसमेत | २१ |
| २९. | उत्प्रेषण / परमादेश | पाण्डव हमाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २२ |
| ३०. | संविधानसँग बाझिएको कानून अमान्य र बदर गरिपाऊँ | कैलाश सुब्बासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | २२ |
| ३१. | उत्प्रेषण | पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | २३ |
| ३२. | उत्प्रेषण | किशोर बास्कोटा वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटारसमेत | २५ |
| ३३. | उत्प्रेषण | सुजया अधिकारीसमेत वि. मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबार, काठमाडौंसमेत | २५ |

| | | | |
|---|---|---|---|
| ३४. | उत्प्रेषण / परमादेश | सम्झना सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | २७ |
| ३५. | उत्प्रेषण / परमादेश | सीताराम दाहाल वि. संविधान सभा (व्यवस्थापिका संसद्), सिंहदरबारसमेत | २८ |
| ३६. | उत्प्रेषण / परमादेश | गोपाल भूषण पराजुली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को, सिंहदरबार, काठमाडौंसमेत | २९ |
| ३७. | उत्प्रेषण / परमादेश | पुन्द्र नारायण सिपलियासमेत वि. गंगाप्रसाद यादवसमेत | ३० |

| | | | |
|---|---|---|---|
| ३८. | उत्प्रेषण / परमादेश | शोभाकान्त नेपालसमेत वि. व्यवस्थापिका संसद् सचिवालय, सिंहदरबार, काठमाडौंसमेत | ३१ |
| ३९. | उत्प्रेषण / परमादेश | जगन्नाथ मिश्रसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ३३ |
| ४०. | उत्प्रेषण | तेजनारायण साह तेली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | ३५ |
| ४१. | उत्प्रेषण / परमादेश | सूर्यमान गुरूङ वि. धार्चे गाउँ शिक्षा शाखा, धार्चे गाउँपालिका वडा नं. ४ गुम्दा माछाखोलासमेत | ३६ |

## संवैधानिक इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या. श्री गोपाल पराजुली, मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६८-WS-००८१, उत्प्रेषण, *श्रीप्रसाद पण्डितसमेत वि. प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

मूलतः लगानी बोर्ड ऐन, २०६८ अन्तर्गतका परियोजनाहरूको छनौट र कार्यान्वयन प्रक्रिया सोही ऐनबमोजिम हुनुपर्ने हुन्छ । सो ऐनलाई राष्ट्रिय स्तरका परियोजनामा विशेष ऐनको रूपमा जारी गरिनुको उद्देश्य पनि त्यही हो । तर परियोजना छनौट गर्दा वा कुनै करार गर्दा प्रचलित कानूनबमोजिमको सार्वजनिक खरिद प्रक्रियालगायतका जो चाहिने आवश्यक प्रक्रिया पूरा गर्नु नपर्ने भन्ने चाहिँ होइन । ऐनको दफा ७ अन्तर्गत स्वीकृत परियोजनामा प्रतिष्पर्धाको लागि लगानीकर्ताबाट प्रस्ताव आह्वान गर्ने भन्ने स्पष्टै व्यवस्था भएको सन्दर्भमा प्रतिष्पर्धाको लागि प्रस्ताव आह्वान बिना नै कार्य गर्न लागेको भन्न मिल्दैन । यस्तै दफा १० मा प्रस्ताव प्राप्त भएपछि सो प्रस्ताव सम्बन्धमा गर्ने विस्तृत प्रक्रिया निर्धारण भएको देखिन्छ । दफा ९ बमोजिम सूचीकृत परियोजनाको हकमा दफा १० को प्रक्रिया अपनाउने संरचना भई दफा ९ को परियोजना कार्यान्वयन र सञ्चालन गर्न इच्छुक व्यक्तिले दफा १० बमोजिमको प्रस्ताव बोर्डमा पेस गर्न सक्ने देखिएकोले उल्लिखित दफा ७, ९ र १० को व्यवस्था एकआपसमा अन्तर सम्बन्धित रहेको देखिन आउने ।

रिट निवेदकले निवेदन पत्रमा दाबी लिए झैं त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिलगायतका कार्यको प्रस्ताव प्राप्त भएको, परियोजना सुम्पेको, करार गरेको भन्नेलगायतको कुनै काम कुरा भएको भन्ने देखिएको छैन । प्रस्ताव आह्वान गरिएको पत्रले प्रस्तावकलाई प्रस्ताव पेस गर्नसम्म भनेको अवस्था हो । यसले कुनै कानूनी परिणाम निकाल्नेलगायत कुनै काम गरेको देखिँदैन । रिट निवेदन दाबीबमोजिमको कुनै प्रस्ताव नै प्राप्त भएको नदेखिएको एवम् तत्सम्बन्धमा लगानी बोर्डबाट कानूनी व्यवस्थाविपरीत कसैलाई परियोजना सुम्पिने निर्णय भएको पनि नदेखिएको अवस्थामा कुनै गैरकानूनी निर्णयसमेत भएको भन्न नमिल्ने ।

राष्ट्रिय सुरक्षा र सार्वभौमसत्ताका संवेदनशीलतालाई अनदेखा गरेको पाइएको अवस्थामा कुनै पनि आयोजनालाई कुनै अवस्थामा पनि संविधानबमोजिम जो चाहिने उपाय गरी हस्तक्षेप गर्नुपर्ने र सो गर्न मिल्ने हुँदा त्यस्तो कुराको प्रत्यक्ष वा परोक्ष कुनै रूपमा निरन्तरता दिनसक्ने अवस्था सोच्न सकिँदैन । त्यस्तोमा निवेदक वा निजजस्तो सचेत कुनै व्यक्ति वा वर्गको उत्साहजनक सहभागिता वा सहयोग अपेक्षित नै हुने ।

रिट निवेदनमा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र लगानी बोर्डको कार्यालयबाट समेत रिट निवेदकले निवेदनमा दाबी गरेबमोजिमको कार्य नभएको भनी लिखित जवाफमा जिकिर लिएको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्था छैन । विपक्षी निकायबाट प्रचलित संविधान र कानूनप्रतिकूल यस सम्बन्धमा कुनै काम कारबाही भए सोउपर यस अदालतमा चुनौती दिन सकिने हक रिट निवेदकहरूलाई रहने नै हुँदा अहिले सो विषयतर्फ थप विचार गरिरहन नपर्ने ।

तसर्थ उपयुक्त आधार र कारणसमेतबाट लगानी बोर्ड ऐन, २०६८ को दफा १० को व्यवस्था संविधानसँग बाझिएको भन्ने नदेखिएको र निवेदन दाबीबमोजिम लगानी बोर्डले संविधान र कानूनविपरीत

परियोजना कसैलाई सुम्पेको भन्ने नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WS-००४६, उत्प्रेषण / परमादेश, एनसेल प्रा. लि. वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

प्रशासनिक काम कारबाहीमा व्यवस्था गरिएको जरिवाना भन्नाले कुनै काम कारबाहीप्रति कसैलाई जिम्मेवार बनाउने वा कुनै कार्य प्रभावकारी रूपमा कार्यान्वयन गराउन सजग गराउनेजस्ता कुरासँग सम्बन्धित हुन्छ जुन फौजदारी अपराध गरेबापतको दण्ड सजाय नभई विलम्ब गरिएबापतको अतिरिक्त वा थप शुल्क तिर्नुपर्ने अवस्था मात्र हो। यस्ता प्रकारका प्रशासनिक काम कारबाहीअन्तर्गत नै विद्युत्, टेलिफोन, खानेपानी सेवा उपलब्ध गराउने संस्थालगायतका अन्य संस्थाहरूले पनि आफ्ना ग्राहकहरूले सेवा उपभोग गरेबापतको शुल्क तोकिएको समयमा भुक्तान नगर्दा जरिवानाकै रूपमा थप शुल्क वा विलम्ब शुल्क उठाउन पाउने गरी तत्तत् कानूनमा व्यवस्था भएको हुन्छ। त्यस्तो सेवा उपभोग गरेबापत बुझाउनुपर्ने शुल्क तोकिएको समयमा बुझाउँदा केही प्रतिशत छुट प्रदान गर्ने र शुल्क बुझाउन विलम्ब भए विलम्ब शुल्कको नाममा जरिवाना गराउने व्यवस्थालाई पनि त्यस्ता संस्थाको अवलम्बन गरेको पाइन्छ। यसरी तोकिएको समयमा महसुल भुक्तान नगर्ने व्यक्ति वा संस्थाबाट लिइने थप शुल्क वा विलम्ब शुल्कबापतको रकमलाई जरिवाना नै भनिए पनि त्यो फौजदारी कसुरको परिणाम उत्पन्न भएको दायित्वअन्तर्गतको दण्ड सजाय नहुने।

रिट निवेदनमा विपक्षीले कुनै कसुर सिर्जना गरेको र सजाय तोकेको नभई निवेदकले मन्जुर गरेको सेवाबापत तिर्नुपर्ने शुल्क बुझाउनु पर्ने र म्याद नाघेमा दण्डात्मक किसिमको थप जरिवाना लगाउनेसम्म व्यवस्था गरेको पाइन्छ। यस्तो करारको कार्यान्वयनको लागि व्यवस्था गरिएको जरिवानालाई सामान्य फौजदारी कानूनको कसुर निर्धारणजस्तो व्यवहार गर्न मिल्दैन । वस्तुत: त्यस्तो जरिवाना लगाउने व्यवस्थालाई अनुशासनात्मक मान्नुपर्ने हुन्छ । आफूले मन्जुर गरेबमोजिमको सर्तबमोजिम गर्नुपर्ने काम नगर्ने र त्यस्तोको लागि अग्रिम रूपमा निर्धारित व्यवस्थालाई विशुद्ध नयाँ फौजदारी कसुर सिर्जना गरेसरहको जिकिर गरी उन्मुक्ति माग्न पाउने अवस्था नदेखिने।

ग्रामीण दूरसञ्चार नियमावली, २०६८ को विनियम १० र ११(३) मा उल्लेख भएको जरिवानासम्बन्धी व्यवस्था फौजदारी कानूनको उल्लङ्घनबाट उत्पन्न हुने परिणामको रूपमा दिइने सजाय नभई रकम जम्मा गर्न विलम्ब गर्ने सेवा प्रदायक संस्थालाई विलम्ब गरेबापत लगाइएको थप दस्तुर वा विलम्ब शुल्क मात्र भएको देखिएकाले विनियमावलीको उक्त व्यवस्था ऐनले दिएको अधिकारको सीमा नाघी जारी भएको भन्ने देखिएन । सोहीबमोजिम विनियमावलीमा उल्लेख भएको जरिवाना भन्ने शब्दले फौजदारी दण्ड सजायको जरिवानालाई बुझाउने नभई विलम्ब शुल्कका रूपमा थप दस्तुरलाई बुझाउने हुँदा प्रत्यायोजित अधिकारअन्तर्गत प्राधिकरणले सो विषयलाई सम्बोधन हुने गरी कानून बनाउन सक्ने भएकाले यो विषयमा विधायिकाले मात्र कानून बनाउन पाउने भन्न नमिल्ने।

मूलतः दूरसञ्चार ऐन, २०५३ को दफा ४७ को व्यवस्था भनेको अनुमतिपत्रको सर्त उल्लङ्घन हुँदा आकर्षित हुने सजायसम्बन्धी व्यवस्था हो। उक्त दफा ४७ अन्तर्गत पर्ने विषयमा सोही दफाबमोजिमको

कामकारबाही हुने हुन्छ । विनियम १० र ११(३) को जरिवानासम्बन्धी व्यवस्था फरक प्रयोजनका लागि भएकाले दफा ४७ र विनियम १० तथा ११(३) को व्यवस्था एउटै हो भन्न मिल्दैन । ऐनको दफा ३०(४) बमोजिम ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको विकास विस्तार र सञ्चालनका लागि एक ग्रामीण दूरसञ्चार विकास कोषको व्यवस्था गरिएकोमा सोही व्यवस्था साकार बनाउन दफा ६२ ले दिएको अधिकारअन्तर्गत जारी भएको उक्त विनियमावलीको विनियम १० तथा ११(३) को व्यवस्था ऐनले परिकल्पना गरेको ग्रामीण दूरसञ्चार कोषलाई प्रभावकारी बनाउनकै लागि व्यवस्थित गरिएको सन्दर्भबाट उक्त व्यवस्था ऐनले दिएको अधिकारको सीमा नाघी जारी गरिएको भन्न मिल्ने अवस्था छैन । निवेदन दाबीअनुसार विनियमको उक्त व्यवस्थाले संविधानप्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाउने गरी संविधानसँग बाझिएको भन्ने पनि नदेखिने ।

तसर्थ उपयुक्त आधार र कारणसमेतबाट नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावली, २०६८ को विनियम १० तथा ११(३) को व्यवस्था संविधान तथा दूरसञ्चार ऐन, २०५३ को व्यवस्थासँग बाझिएको नदेखिएकाले निवेदकको मागबमोजिमको आदेश जारी हुने अवस्था भएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम् ।

- यसै लागाउको ०७०-WO-०१२३, उत्प्रेषण / परमादेश, *युनाइटेड टेलिकम लिमिटेड वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०७०-WO-०१३७, उत्प्रेषण / परमादेश, *सुविसु केबल नेट प्रा.लि. वि. नेपाल सरकार, मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०७०-WO-०१८४, उत्प्रेषण / परमादेश, *मर्कन्टायल कम्युनिकेशन प्रा.लि.समेत वि. नेपाल सरकार मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६९-WS-००७०, उत्प्रेषण / परमादेश, *अब्दुल मजिद मुसलान वि. राष्ट्रपतिको कार्यालय, सितलनिवास, काठमाडौंसमेत*

अपाङ्गता भएको व्यक्ति भनेको विशेष रूपले संरक्षण गर्नुपर्ने वर्ग हो । सोहीबमोजिम राज्यले अपाङ्गता भएका व्यक्तिहरूका सम्बन्धमा विशेष व्यवस्थासहित छुट्टै कानूनी उपायद्वारा विशेष संरक्षण पनि प्रदान गरेको हुन्छ । अपाङ्गता भएका व्यक्तिहरूको आवश्यकता तिनीहरूलाई सामान्य जीवन निर्वाह गर्दा आइपर्ने समस्याको तुलना अन्य वर्गसँग हुन सक्दैन । आरक्षित वर्गलाई राज्यले कानून बनाई आरक्षण दिने भन्ने कुराको मतलब आरक्षित वर्ग र विशेष रूपले आरक्षित अपाङ्गता भएका व्यक्तिहरू एउटै वर्गभित्रको हो भन्न नमिल्ने ।

अपाङ्गता विशेष अवस्था भएकाले त्यो जोसुकै आरक्षित वर्गसँग सामान्य रूपमा रहने अवस्था होइन । विशेष अवस्था व्यक्तिलाई विशेष सुविधा पुऱ्याउन राज्यले कानूनी व्यवस्थाको माध्यमबाट कुनै पनि लक्ष्य राख्न सक्दछ । राज्यले कानूनी व्यवस्थाको माध्यमबाट लक्ष्य लिएको यस प्रकारको विषयलाई आरक्षणसँग जोड्न मिल्दैन । अपाङ्गता भएका विशेष अवस्थाका व्यक्तिले मात्र लाभ पाउने गरी कानूनी उपायद्वारा व्यवस्थित गरिएको विषय र आरक्षित वर्गभित्रका व्यक्तिबीच सबै कुरामा समान हक हुने भन्न मिल्ने हुँदैन । यस्तो विषय र आरक्षित

वर्गको समान हक रहेको भन्न मिल्ने हुँदैन । सामान्य रूपमा आरक्षण प्रदान गरिने विषय र विशेष अवस्थाका व्यक्तिलाई विशेष रूपमा संरक्षण प्रदान गर्ने विषयलाई समानरूपमा लिन नमिल्ने ।

निवेदकले भनेजस्तो समानताको हक निरपेक्ष हक नै होइन । समानताको हकलाई सापेक्षित रूपमा हेरिनु पर्दछ । कुनै खास आवश्यकताको परिपूर्तिका लागि वा कुनै खास समस्याको समाधानको लागि राज्यले कुनै विशेष कानूनी उपायद्वारा कुनै व्यवस्था गर्नसक्ने नै हुन्छ । त्यस्तो व्यवस्था सबैका लागि समान रूपमा लागू हुने भन्न मिल्दैन । यस्तो व्यवस्था कस्तो अवस्थाको व्यक्तिलाई लागू हुने र कस्तोलाई लागू नहुने भनी राज्यले बोधगम्य र विवेकपरक आधारमा कानूनी व्यवस्थाद्वारा वर्गीकरण गर्न पनि सक्ने हुन्छ । त्यस्तो वर्गीकरण विवेकसम्मत भएसम्म त्यस्तो व्यवस्थाप्रति शंका गरिहाल्नु पर्ने आवश्यकतासमेत नरहने ।

संरक्षित वर्ग र विशेष रूपले संरक्षित वर्गको आ-आफ्नै समस्या रहेको सन्दर्भमा राज्यले आवश्यकताअनुसार छुट्टाछुट्टै समूहलाई लागू हुने गरी पृथकपृथक कानूनी व्यवस्था गर्नसक्ने नै हुन्छ । यस्ता वर्गहरूको आ-आफ्नै खास आवश्यकता र समस्या रहने भएकोले यस्तो वर्ग वा समूहलाई समान वर्ग वा समूह भन्न मिल्ने हुँदैन । यस अवस्थामा असमानहरूबीच असमान व्यवहार गर्ने गरी ल्याइएको कानूनी व्यवस्थालाई न्यायिक पुनरावलोकनको रोहमा अन्यथा भन्न सकिने अवस्था नहुने ।

रिट निवेदकले दाबी लिएको अध्यादेश २०६९।१२।२९ मा लागू भएकोमा उक्त अध्यादेशको व्यवस्था ऐनमा रूपान्तरित भई २०७०।१२।१२ मा लागू भइसकेकोमा ऐनमा रूपान्तरण भएपछि सो ऐनउपर रिट निवेदकले चुनौती दिई पूरक निवेदन दिएको नदेखिएकोले प्रस्तुत रिट निवेदनको अन्य विषयवस्तुतर्फ प्रवेश गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम् ।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या. श्री गोपाल पराजुली, मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६९-WS-००७२, उत्प्रेषण, *धनेश्वर पौडेलसमेत वि. राष्ट्रपतिको कार्यालय, सितलनिवास, काठमाडौंसमेत*

रिट निवेदन मिति २०६९।१२।२९ मा जारी भएको निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०६९ लाई चुनौती दिई यस अदालतमा दायर भएको देखिन्छ । अध्यादेशबाट आएको उक्त व्यवस्थालाई निजामती सेवा ऐनमा नै समावेश एवम् रूपान्तरण गरी हाल उक्त अध्यादेश अस्तित्वमा रहेको देखिँदैन । त्यसरी आएको अध्यादेशको व्यवस्थालाई ऐनकै रूपमा रूपान्तरित गरिएको उपर रिट निवेदकले पूरक निवेदन दिई चुनौती दिएको अवस्था पनि छैन । यसरी रिट निवेदकले अध्यादेशको वैधताको चुनौती दिएको भए पनि हाल सो अध्यादेश अस्तित्वमा नरहेको र उक्त व्यवस्था ऐनमा रूपान्तरण भएपछि चुनौती नगरिएकोले प्रस्तुत रिट निवेदनमा संवैधानिकताको प्रश्नउपर विचार गरी रहनु पर्ने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम् ।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या. श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WS-००७७, उत्प्रेषण / परमादेश,

*भरतबहादुर कुँवरसमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदन मिति २०६९।१२।२९ मा जारी भएको निजामती सेवा (तेस्रो संशोधन) अध्यादेश, २०६९ लाई चुनौती दिई यस अदालतमा दायर भएको देखिन्छ । अध्यादेशबाट आएको उक्त व्यवस्थालाई निजामती सेवा ऐनमा नै समावेश एवम् रूपान्तरण गरी हाल उक्त अध्यादेश अस्तित्वमा रहेको देखिँदैन । त्यसरी आएको अध्यादेशको व्यवस्थालाई ऐनकै रूपमा रूपान्तरित गरिएको उपर रिट निवेदकले पूरक निवेदन दिई चुनौती दिएको अवस्था पनि छैन । यसरी रिट निवेदकले अध्यादेशको वैधताको चुनौती दिएको भए पनि हाल सो अध्यादेश अस्तित्वमा नरहेको र उक्त व्यवस्था ऐनमा रूपान्तरण भएपछि चुनौती नगरिएकोले प्रस्तुत रिट निवदेनमा संवैधानिकताको प्रश्नउपर विचार गरिरहनु पर्ने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम् ।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-१३८३, उत्प्रेषण / परमादेश, *हेमराज पुजारासमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

यस अदालतको संयुक्त इजलासले मिति २०७२।४।१३ मा ०७१-WO-१३८३ को प्रस्तुत रिट निवेदन र ०६९-WS-००७२ को रिट निवेदनको विषयवस्तु एकसाथ निर्णय हुनुपर्ने भएको भन्ने आधारमा उक्त ०६९-WS-००७२ को रिट निवेदनसाथ प्रस्तुत रिट पेस हुन आएको देखियो। परन्तु उक्त ०६९-WS-००७२ को विषयवस्तु अन्तरिम संविधानको धारा १०७(१) सँग सम्बन्धित भई उल्लिखित अध्यादेशको व्यवस्था प्रारम्भ भएको मितिदेखि नै अमान्य र बदर घोषित गर्न माग गरिएको विषय रहेको देखिन्छ भने प्रस्तुत रिट निवेदनमा उपर्युक्तानुसारको संवैधानिक प्रश्न उपस्थित भएको नभई धारा १०७(२) सँग सम्बन्धित विषयवस्तुको प्रश्न भएको देखिएकाले यो रिट निवेदनमा उठाइएको विषयवस्तुको निरूपण संयुक्त इजलासबाटै हुनसक्ने भएकाले यस इजलासबाट यो विषयउपर विचार गर्नुपर्ने अवस्था भएन । प्रस्तुत रिट निवेदनको संवैधानिक इजलासको लगत कट्टा गरी सुनुवाइको लागि संयुक्त इजलासमा नियमानुसार पेस गर्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम् ।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की**, ०६९-WS-००५४, उत्प्रेषण / परमादेश, *सम्पतकुमार अर्यालसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत*

रिट निवेदकले चुनौती दिएको सैनिक नियमावली, २०६९ हेर्दा उक्त नियमावली, नेपाल सरकारले सैनिक ऐन, २०६३ को दफा १४३ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको देखिन्छ। उक्त नियमावलीको परिच्छेद ३ को बढुवासम्बन्धी व्यवस्था रहेको देखिन आउँछ । सो नियमावलीको नियम ३२ मा बढुवाको आधारअन्तर्गत नेपाली सेनाको जुनसुकै पदमा बढुवा हुनका लागि अनुसूची ६ बमोजिमको तालिम पूरा गरेको, कार्य सम्पादन मूल्याङ्कनमा योग्य देखिएको, न्यूनतम सेवा अवधि पूरा भएको, स्वास्थ्य वर्गीकरण (मेडिकल क्याटागोरी) मा योग्य ठहरिएको

भन्ने व्यवस्था रहेको पाइने।

निवेदकले चुनौती दिएको नियम ३८(३) मा बढुवाको प्रतिशत छुट्याउने व्यवस्था रहेको, नियम ३८(३) मा बढुवाको प्रतिशत छुट्याउँदा अति योग्य समूह, बढी योग्य समूह र योग्य समूहमा विभाजन गरी रिक्त पदको बीस प्रतिशत अति योग्य समूहबाट, साठी प्रतिशत बढी योग्य समूहबाट र बीस प्रतिशत योग्य समूहबाट बढुवा समितिको सिफारिसबमोजिम बढुवा गर्नेसमेत व्यवस्था रहेको पाइने।

नेपाली सैनिक सेवा राज्यका अन्य सरकारी सेवाभन्दा छुट्टै र विशिष्ट उद्देश्यको साथ स्थापित भएको सेवा एवम् संस्था हो। सैनिक ऐन, २०६३ को दफा १४३ ले सैनिक व्यक्तिहरूको नियुक्ति, बिदा, बढुवा, अवकाश बर्खासी तथा सेवाका अन्य सर्तसम्बन्धी विषयमा नेपाल सरकारले आवश्यक नियम बनाउन सक्ने गरी प्रदान भएको अधिकारअन्तर्गत जारी भएको उक्त नियमावली, सैनिक सेवासँग आबद्ध सबै व्यक्तिमा समान रूपमा लागू हुने भन्ने कुरामा विवाद हुन नसक्ने।

निवेदकले चुनौती दिएको परिच्छेद ३ को व्यवस्था रिट निवेदकहरूका हकमा मात्र आकर्षित नभई सम्पूर्ण नेपाली सैनिकउपर आकर्षित हुन्छ। सो परिच्छेदमा उल्लेख भएको बढुवाको आधारअन्तर्गत तालिम, जेष्ठता, कार्य सम्पादन मूल्याङ्कन, विभूषण, भौगोलिक वा चुनौतीपूर्ण क्षेत्रमा कार्यरत अवधिलगायतका सूचकहरूलाई बढुवाको आधारको रूपमा राखिएको पाइने।

सैनिक सेवामा कार्यरत सबै व्यक्तिलाई लागू हुने उक्त व्यवस्था निवेदकको कथनबमोजिम न त सैनिक ऐन, २०६३ को व्यवस्था विपरीत देखिन्छ न त अन्तरिम संविधानसँग नै बाझिएको देखिन्छ। संविधान र मातृ कानूनसँग प्रत्यक्ष वा परोक्ष रूपमा बाझिएको भन्ने नदेखिएको अवस्थामा न्यायिक पुनरावलोकनको रोहमा उक्त नियमावलीको व्यवस्थालाई अन्यथा भनिरहनु पर्ने अवस्था नदेखिने।

रिट निवेदकहरूले सैनिक ऐन २०६३ को दफा १७(२) र (३) बमोजिम मिति २०७०।३।२० बाट नेपाली सेवाको प्रमुख सेनानी पदबाट अवकाश प्राप्त गरी आफूले प्राप्त गर्नुपर्ने सुविधासमेत बुझी पेन्सन पट्टासमेत बनाइसकेको देखिएको भन्ने नेपाली सेना जंगी अड्डाको मिति २०७१।२।२७ को पत्रबाट देखिएको सन्दर्भमा विशिष्ट प्रकारको सेवाको रूपमा रहेको सैनिक सेवाको लागि सो ऐनले दिएको अधिकारअन्तर्गत सबै नेपाली सैनिकहरूको नियुक्ति बढुवालगायतका सेवाका सर्तहरूको सम्बन्धमा व्यवस्था गरिएको सैनिक नियमावली, संविधान र कानूनविपरीत रहेको भन्ने निवेदन दाबी मनासिब नदेखिने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट सैनिक नियमावली, २०६९ को परिच्छेद ३ को बढुवासम्बन्धी व्यवस्था सैनिक ऐन, २०६३ र संविधानको व्यवस्थासँग बाझिएको नदेखिएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल मङ्सिर २२ गते रोज ६ शुभम्।

८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की**, ०६९-WS-००६४, उत्प्रेषण / परमादेश, *पूर्णलाल महर्जनसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

स्थानीय निकायमा लामो समयदेखि कार्यरत कर्मचारीहरूबीच आन्तरिक सीमित प्रतियोगिताबाट पदपूर्ति हुने व्यवस्था गरिनुको अर्थ त्यस्ता सीमित प्रतिष्पर्धीहरूबीच खुला प्रतिष्पर्धा नै हुने हो। त्यस्तो

प्रतिष्पर्धामा उत्तीर्ण हुन नसकेको अवस्थामा पनि सीमित प्रतियोगिताको फाइदा लिई स्थायी नियुक्ति हुने अवसर प्राप्त हुने भन्ने हुँदैन । त्यस्तो प्रतियोगितामा सामेल भई अनुत्तीर्ण भए पनि स्थायी नियुक्ति गरिने भन्ने पनि होइन । स्थायी रूपमा नियुक्त हुनका लागि त्यस्तो प्रतियोगितात्मक परीक्षामा सहभागी भई उत्तीर्ण हुनैपर्ने हुन्छ । त्यस्तो परीक्षामा उत्तीर्ण हुन नसक्नेले स्थायी हुने अवसर नपाउने हुँदा अयोग्य व्यक्तिलाई स्थायी नियुक्ति गर्न लागिएको भन्ने अर्थ गर्न नमिल्ने ।

स्थानीय निकायमा लामो समयदेखि कार्यरत कर्मचारीको अनुभव एवम् ज्ञानको सदुपयोग गर्न तथा त्यस्ता कर्मचारीको माग सम्बोधन गरी सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम गठित समितिले दिएको सुझावबमोजिम रिक्त दरबन्दीको ५० प्रतिशत पदमा एक पटकका लागि आन्तरिक प्रतियोगिताबाट पदपूर्ति गर्ने गरी नेपाल सरकारले नियमावलीमा गरेको संशोधनलाई निवेदन दाबीबमोजिम शंकाको नजरले हेरिहाल्नु पर्ने अवस्था नहुने ।

पदपूर्ति गर्दा पनि सम्पूर्ण पदमा गरिने नभई स्वीकृत दरबन्दीको पचास प्रतिशत पदमा मात्र गरिने व्यवस्था भएको सन्दर्भमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१३क को उपनियम (१) को व्यवस्थाले खुला प्रतियोगिताद्वारा गरिने आपूर्तिलाई रोक लगाएको भन्न नमिल्ने ।

यस अदालतको ५ सदस्यीय विशेष इजलासबाट लामो समयदेखि अविच्छिन्न रूपमा सेवा गरेका कर्मचारीहरूको सामाजिक सुरक्षा र प्रत्याभूतिको लागि सीमित आन्तरिक प्रतियोगितामा सामेल हुन एक पटक मौका प्रदान गर्नु आफैँमा गैरकानूनी र असंवैधानिक नहुने भनी सिद्धान्त प्रतिपादन भएको सन्दर्भमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ मा पाँचौं संशोधनद्वारा थप गरिएको नियम २१३क को उपनियम १ को व्यवस्था अन्तरिम संविधान, २०६३ सँग बाझिएको भन्न नमिल्ने ।

वस्तुतः स्थानीय निकाय कानूनअन्तर्गत स्थापित संस्था हो । यस्तो संस्थालाई कानूनले प्रदान गरेको जिम्मेवारी पूरा गर्न र आफूले प्रवाह गर्ने सेवा तथा कार्य सञ्चालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन तथा त्यस्तो सेवाको लागि आवश्यक जनशक्तिको वृत्ति विकासलगायतका विषयमा योग्यता निर्धारण गर्न कानूनले प्रष्ट बन्देज लगाएको छैन भने सरकारले कानूनी उपायद्वारा त्यस्तो व्यवस्थापन गर्नसक्ने नै हुन्छ । सरकारले त्यस्तो संस्थाको जनशक्ति व्यवस्थापन गर्ने प्रयोजनका लागि तिनीहरूको वृत्ति विकास तथा योग्यताका सर्त निर्धारण गर्दा समान अवस्था र हैसियतका बीचमा समान व्यवहार र फरक अवस्था र हैसियतका बीच फरक व्यवहार हुने गरी कुनै खास सर्त वा योग्यता तोकेको कारणले उक्त कार्यलाई समानताको सिद्धान्तविपरीत भएको भन्न नमिल्ने ।

कुनै संस्थामा लामो समय सेवा गरी त्यस्तो संस्थाको कामको विशिष्ट अनुभव प्राप्त गरेको व्यक्तिलाई निजले हासिल गरेको त्यस्तो अनुभवको मूल्याङ्कन गरी विशेष व्यवस्था गरिनुलाई अन्यथा भन्न नमिल्ने ।

निजामती सेवा नियमावलीले समेत स्थायी हुनुपूर्व गरेको सेवा अवधिलाई बढुवाको जेष्ठता गणनाको प्रयोजनका लागि मान्यता दिने सिद्धान्तलाई अंगीकार गरेको देखिएको र यस अदालतबाट प्रतिपादित सिद्धान्तमा समेत पहिले गरेको सेवा अवधिको अनुभवको मूल्याङ्कनलाई मान्यता दिएको सन्दर्भबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ (पाँचौं संशोधन, २०६९) को नियम २६९ग मा सो निकायमा पहिले गरेको सेवालाई बढुवा प्रयोजनको लागि जेष्ठताको गणना गर्न निश्चित अङ्क प्रदान गर्ने गरी गरिएको संशोधन संविधानप्रदत्त समानताको हक तथा समानताको सिद्धान्तविपरीत एवम् भेदभावपूर्ण रहेको मान्न मिल्ने नदेखिने ।

समान अवस्थाका व्यक्तिबीच समान व्यवहार

गर्ने र विशेष अवस्था र परिस्थिति भएका वर्गलाई सकारात्मक विभेदको माध्यमबाट विशेष संरक्षण प्रदान गरी फरक व्यवहार गर्न सकिने व्यवस्था संविधानमा नै उल्लेख भएकाले यो सिद्धान्तको प्रयोग सापेक्षित रूपमा हुने ।

समानताको सिद्धान्त सबै अवस्था, स्थिति र हैसियतका व्यक्तिबीच निरपेक्ष रूपमा लागू हुने नभई सापेक्षित रूपमा लागू हुन्छ । यस्तो समानता भनेको समान अवस्था, स्थिति र हैसियत भएका व्यक्तिहरूबीच समान व्यवहार र असमान अवस्था, स्थिति र हैसियत भएकाहरूबीच असमान व्यवहार गरिने भन्ने हो । समानस्तर अवस्था र हैसियत भएका समानहरूबीच असमान हुने गरी एउटाको तुलनामा अर्कोलाई विशेष सुविधा दिने वा संरक्षण गरी कुनै व्यवस्था गरिएको छ भने त्यस्तो कार्य समानताको सिद्धान्तविपरीत भएको भन्न सकिने ।

मूलतः समानता भनेको समानहरूबीचको समानता नै हो । असमान अवस्थामा रहेका व्यक्तिहरूबीच असमान व्यवहार नगरी समान व्यवहार गर्नु पनि समानताको सिद्धान्तविपरीत हुने ।

व्यक्तिहरूलाई कानूनको प्रयोग गर्दा वा व्यवहारमा समानता अवलम्बन गर्नु नै समानताको सिद्धान्तको मूल मर्म भएकाले फरक स्थिति भएको अवस्थामा एउटै स्थितिमा पुर्‍याउनु वा परिणाममा समानता कायम गराउनु पनि समानताको महत्त्वपूर्ण पक्ष हुने ।

समानहरूका बीच समान व्यवहार गरी असमानहरूका बीच तार्किक वर्गीकरण र फरक व्यवहार गर्नु नै समानताको सिद्धान्तको सार हुने ।

निवेदकहरूभन्दा फरक अवस्थाका व्यक्तिहरूका हकमा लागू हुने गरी कर्मचारी व्यवस्थापन सम्बन्धमा गरिएको व्यवस्थाबाट समानताको सिद्धान्तलाई उपेक्षा गरिएको भन्ने देखिँदैन । उक्त संशोधित व्यवस्थासँग यी रिट निवेदकहरूको कुनै तात्विक सम्बन्ध एवम् सरोकार पनि भएको नदेखिएको अवस्थामा रिट निवेदकहरूको प्रस्तुत रिट निवेदन दायर गर्ने हकदैयासमेत रहेको नदेखिने ।

अस्थायी रूपमा कार्य गरेको अवधिको केही प्रतिशत बढुवा गर्ने प्रयोजनका लागि गणना गरिने भन्ने उक्त संशोधित व्यवस्थाले यी रिट निवेदकहरूलाई कुनै प्रकारको भेदभाव तथा असमान व्यवहार गरेको देखिँदैन । यी रिट निवेदकहरूले समेत स्थानीय निकायमा स्थायी नियुक्ति प्राप्त गर्नुअघि अस्थायी रूपमा अविच्छिन्न कार्य गरेको भए उक्त संशोधित व्यवस्थाको लाभ प्राप्त गर्नसक्ने भएकाले सो व्यवस्थाबाट निजहरूउपर असमान र भेदभाव भएको भन्ने नदेखिने ।

वस्तुतः राज्य वा सरकारले समानताको सिद्धान्तविपरीत दूषित मनसाय राखी कुनै खास व्यक्ति वा वर्गले मात्र विशेष लाभ पाउने गरी र समान अवस्थाका अन्य व्यक्ति तथा वर्गलाई निषेध गर्ने गरी कुनै कानून बनाएमा वा अन्य कुनै तरहले संविधानप्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाउने गरी कानून बनाएमा यस अदालतले न्यायिक पुनरावलोकनको रोहमा त्यस्तो कानून बदर गर्ने हो, तर प्रस्तुत रिट निवेदनमा उपर्युक्तानुसारको अवस्था विद्यमान रहेको नदेखिँदा उक्त संशोधित व्यवस्था बदर हुनुपर्ने भन्ने निवेदन दाबी मनासिब नदेखिने ।

२०६४ साल असोज मसान्तसम्म नियुक्त भई निरन्तर कार्यरत रहेका कर्मचारीहरूको हकमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को व्यवस्थाबमोजिमको कामकारबाही गर्न सकिने अवस्था रहेको देखिएको र हाल जारी भएको ऐनको व्यवस्थाउपर रिट निवेदकले पूरक निवेदन दिई चुनौती दिएकोसमेत नदेखिएकाले विद्वान् सहन्यायाधिवक्ताको बहससँग सहमत हुन नसकिने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को

नियम २१३क को उपनियम (१) को सीमित आन्तरिक प्रतिष्पर्धात्मक परीक्षाबाट पदपूर्ति गर्ने व्यवस्था र नियम २६९ग को बढुवा जेष्ठता गणना गर्ने प्रयोजनका लागि पहिले गरेको सेवा अवधिलाई मान्यता दिने व्यवस्था संविधान र कानूनसँग बाझिएको नदेखिएकोले उक्त व्यवस्था संविधानसँग बाझिएको भन्ने रिट निवेदन दाबी मनासिब देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम् ।

यसै प्रकृति निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- २०६९-WS-००६१, उत्प्रेषण / परमादेश, ऋचा उप्रेती वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालय, सिंहदरबारसमेत
- ०७४-WC-०००३ (०७२-WO-०५६४), उत्प्रेषण / परमादेश, *खेमराज नेपालीसमेत वि. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*
- ०७४-WC-०००४ (०७२-WO-०५६५), उत्प्रेषण / परमादेश, *पुनमकुमार दाहालसमेत वि. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*
- ०७४-WC-०००५ (०७३-WO-०२१९), उत्प्रेषण / परमादेश, *पुनमकुमार दाहालसमेत वि. विराटनगर उपमहानगरपालिका कार्यालयसमेत*
- ०७४-WC-०००६ (०७२-WO-०६०७), उत्प्रेषण / परमादेश, *शारदा थपलियासमेत वि. मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौंसमेत*
- ०७१-CI-०००५, उत्प्रेषण / परमादेश, *जिल्ला विकास समितिको कार्यालय, धनकुटासमेत वि. चन्द्रकला धमला विश्वकर्मासमेत*

९

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की**, ०७१-WS-००४८, उत्प्रेषण / प्रतिषेध / *परमादेश, भवानी खड्कासमेत वि. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड केन्द्रीय कार्यालय रामशाहपथ, काठमाडौंसमेत*

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड केन्द्रीय कार्यालय कानून विभागबाट च.नं.८२ मिति २०७३।५।३१ को पत्रमा सो बैंकको कर्मचारी सेवा विनियमावली, २०७० को विनियम १०(१) मा महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष कायम गर्ने गरी संशोधन गरिएको जानकारी गराउँदै सो सम्बन्धमा नेपाल राष्ट्र बैंकको संशोधन स्वीकृति पत्र र राष्ट्रिय वाणिज्य बैंक लिमिटेड केन्द्रीय कार्यालय सञ्चालक समितिको निर्णयको प्रतिलिपिसमेत साथ राखी यस अदालतमा प्रेषित गरेको देखिन्छ । उपर्युक्त व्यहोराबाट रिट निवेदकले माग दाबी गरेको विषयको सम्बोधन भई विनियमावलीमा भएको व्यवस्था संशोधन भइसकेको परिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनमा थप केही विचार गरी रहनु नपर्ने ।

तसर्थ प्रस्तुत रिट निवेदनमा निवेदकले चुनौती दिएको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड कर्मचारी सेवा विनयमावली, २०७० को विनियम १० मा संशोधन भई महिला उम्मेदवारको हकमा सेवा प्रवेशको उमेर हद ४० वर्ष कायम भइसकेकाले रिट निवेदकको मागको सम्बोधन भइसकेको प्ररिप्रेक्ष्यमा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा खारेज

हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल मङ्सिर २९ गते रोज ६ शुभम्।

१०

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की**, ०७२-WC-०००३, परमादेश, *केशवप्रसाद बराल वि. संवैधानिक परिषद्‌को कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

वस्तुत: निवेदकलाई मिति २०६६।१०।७ मा आयोगको आयुक्तमा नियुक्त गर्दा निजको कार्यकाल कुन मितिदेखि क्रियाशील हुने हो भन्ने सम्बन्धमा केही उल्लेख भएको पाइँदैन। त्यसका अतिरिक्त रिट निवेदकको पदावधि निजको शपथ ग्रहणपछि मात्र क्रियाशील हुने गरी निजको नियुक्ति भएको भन्ने कुनै पनि आधिकारिक लिखत रिट निवेदकले निवेदनसाथ पेस गर्न सकेको देखिँदैन। तत्कालीन अन्तरिम संविधानको धारा ११९(३) र हालको नेपालको संविधानको धारा २३८ र (३) मा आयोगको प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुने भनी स्पष्ट संवैधानिक व्यवस्था भएको सन्दर्भमा उल्लिखित पदाधिकारीको नियुक्ति भएको मितिबाटै पदावधि प्रारम्भ हुने देखिन आउने।

संविधानका धाराहरूमा भएका स्पष्ट शब्द वा वाक्यको व्याख्या गर्नुपर्दा सो शब्द तथा वाक्यले स्वाभाविक रूपमा जे जुन अर्थ दिन्छ त्यसैअनुसार अर्थ गरी व्याख्या गरिनु पर्दछ। संविधानले नै आयोगका पदाधिकारीहरूको पदावधि नियुक्तिको मितिले छ वर्ष हुने भन्ने स्पष्ट बोलेको अवस्थामा शपथ ग्रहण गरेको मितिदेखि पदावधि प्रारम्भ हुने भनी अर्थ गर्न मिल्ने नदेखिँदा शपथ ग्रहणपछि मात्र आफ्नो पदावधि प्रारम्भ भई सोहीअनुसार पदावधि गणना हुनुपर्ने भन्ने निवेदन दाबी मनासिब देखिन नआउने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट तत्कालीन नेपालको संविधान, २०६३ को धारा ११९(३) र हालको नेपालको संविधानको धारा २३८(३) मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त र आयुक्तको पदावधि नियुक्तिको मितिले छ वर्षको हुने भन्ने व्यवस्था भएकाले शपथ ग्रहण भएको मितिबाट आफ्नो कार्यकाल प्रारम्भ हुनुपर्ने भन्ने रिट निवेदकको दाबी मनासिब नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७४ साल पुस १४ गते रोज ६ शुभम्।

११

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WC-०००५, नेपालको संविधानको धारा ४६ तथा १३३(१) संविधानसँग बाझिएको ऐनको व्यवस्था अमान्य र बदर घोषणा गरिपाऊँ, *माधवकुमार बस्नेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, सिंहदरबारसमेत*

हदबन्दीभन्दा बढी जग्गा हुनेले मात्र फाराम भर्नु पर्ने भन्ने उक्त व्यवस्थाको उल्लङ्घन भएमा अर्थात् जग्गावालाको हैसियतमा राख्न पाउने जग्गाको अधिकतम् हदभन्दा बढी जग्गा भएको व्यक्ति वा परिवारले दफा १३ बमोजिम फाँटवारी पेस गर्दा कुनै जग्गा लुकाई फाँटवारी पेस गरेमा कुनै पनि व्यक्तिले तोकिएको अधिकारीसमक्ष उजुर गर्नसक्ने र उजुरी मनासिब ठहरिए तोकिएको अधिकारीको आदेशले त्यस्तो जग्गा जफत भई नेपाल सरकारको स्वामित्वमा आउने व्यवस्था सोही छैठौं संशोधनबाट थप भएको दफा १४क मा उल्लेख भएको देखिएबाट

रिट निवेदनमा जिकिर लिइएजस्तो उक्त संशोधनले ऐनको अन्य व्यवस्था निष्क्रिय तुल्याएको भन्न मिल्ने अवस्था नहुने।

विधायिकाले अदालतमा विचाराधीन कुनै विषयसँग सम्बन्धित कानूनलाई संशोधन गरी अर्कै व्यवस्था गरेको कारणले मात्र त्यस्तो संशोधनले न्यायिक स्वतन्त्रता र प्रक्रियामा हस्तक्षेप गरेको वा शक्ति पृथकीकरणको सिद्धान्तको उल्लङ्घन भएको भन्ने अर्थमा बुझ्न मिल्ने हुँदैन । त्यस्तो संशोधित व्यवस्था संविधानविपरीत भएको देखिएको अवस्थामा न्यायिक पुनरावलोकनको रोहमा असंवैधानिक ठहर भई बदर घोषित हुने छुट्टै कुरा हो तर अदालतमा विचाराधीन भएकै आधारमा उक्त संशोधित व्यवस्था असंवैधानिक भन्न मिल्ने होइन। रिट निवेदकले उक्त संशोधनभन्दा अघि यस अदालतमा दायर गरेका रिट निवेदनहरूका सम्बन्धमा कानूनबमोजिम निर्णय हुने नै भएकाले अदालतमा विचाराधीन विषयमा राज्यका अन्य निकायबाट हस्तक्षेप भएको भन्ने निवेदन दाबी मनासिब नदेखिने।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट भूमिसम्बन्धी ऐन, २०२१ को छैठौं संशोधनबाट संशोधित दफा १३ को व्यवस्था संविधानसँग बाझिएको भन्ने नदेखिँदा यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहन पर्ने आवश्यकता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम्।

१२

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WC-०००६, नेपालको संविधानको धारा ४६ तथा १३३(१) समेतसँग बाझिएको नियमावली, प्रारम्भदेखि नै अमान्य र बदर घोषणा गरिपाऊँ, *माधवकुमार बस्नेतसमेत वि. सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं*

विधायिकाले बनाएका त्यस्ता कुनै पनि कानूनले नागरिकको मौलिक हक वा कानूनी हकलाई अनुचित बन्देज लगाउने गरी वा संविधानका कुनै पनि धारामा उल्लिखित व्यवस्थाविपरीत हुने गरी बनाइएका छन् भनी अदालतले अनुमान गर्दैन। त्यसरी बनाइएका कानून संविधानविपरीत भएको वा संविधान तथा कानूनद्वारा प्राप्त हकमा अनुचित बन्देज लगाइएको भन्ने कुरालाई त्यस्तो दाबी लिने व्यक्तिले वस्तुगत रूपमा पुष्टि एवम् प्रमाणित गराउनु सक्नुपर्दछ। त्यसरी संविधानसँग कुनै कानून बाझिएको भन्ने वस्तुगत रूपमा प्रमाणित तथा पुष्टि भएको अवस्थामा मात्र यस अदालतले धारा १३३(१) बमोजिम त्यस्तो कानूनलाई असंवैधानिक ठहर गरी बदर घोषित गर्न हुने।

जुनसुकै नेपाली नागरिकले यस अदालतमा निवेदन दिन पाउने भन्ने व्यवस्थाको अर्थ कुनै लहडमा वा बौद्धिक उत्सुकता पूरा गर्न तथा लोकप्रियता हासिल गर्ने उद्देश्यले मात्र चुनौती दिन पाउने होइन। विधायिका निर्मित कानून गैरसंवैधानिक छ भनी चुनौती दिने व्यक्तिले त्यस्तो निवेदन दायर गर्नुअघि सो सम्बन्धमा पर्याप्त अध्ययन मनन तथा गृहकार्यसमेतको आवश्यकता पर्ने हुन्छ। सो केही नभई केबल बौद्धिक उत्सुकता र लहड मेटाउने उद्देश्यले दायर हुने त्यस्ता निवेदनले अदालतको श्रम र समय बर्बाद पार्नु सिवाय अरू केही हुन नसक्ने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट सर्वोच्च अदालत (संवैधानिक इजलास सञ्चालन) नियमावली, २०७२ को नियम १५(२) र (३) को व्यवस्था मौलिक हकको प्रचलनमा अवरोध पुऱ्याएको वा संवैधानिक उपचारको हकलाई सीमित पारेको भन्न

मिल्ने नदेखिएकाले प्रस्तुत विषयमा लिखित जवाफ माग गरिरहनु पर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम्।

१३

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WC-००१३, उत्प्रेषण / परमादेश, प्रेमबहादुर सिंह वि. निर्वाचन आयोग, नेपाल

रिट निवेदकले राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ को नियम १५(ख) र नियम १६ को व्यवस्था संविधानविपरीत भएको भनी सो व्यवस्थालाई चुनौती दिई बदर र अमान्य घोषित हुनुपर्ने भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा उक्त व्यवस्था के कसरी संविधानको व्यवस्थासँग बाझिएको भन्ने कुरा रिट निवेदकले वस्तुगत रूपमा दाबी लिन नसकी केबल बाझिएको भन्नेसम्म जिकिर लिएको देखियो। मूलतः नियम १५ को व्यवस्था निर्वाचन प्रयोजनका लागि दर्ता भएका दल खारेज हुने अवस्थासँग सम्बन्धित व्यवस्था रहेको देखिन्छ । त्यस्तै नियम १६ को व्यवस्था दल दर्ता खारेजको प्रक्रियासँग सम्बन्धित रहेको देखिने।

उक्त नियमावली, निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी बनाएको देखिएको छ। सो ऐनको दफा २४ मा भएको राजनीतिक दलको दर्ता खारेजसम्बन्धी व्यवस्थालाई नै नियमावलीमा उल्लिखित नियमहरूमा समावेश गरेको देखिएको र प्रथम दृष्टिमा नै ती व्यवस्था संविधानसँग बाझिएको भन्ने देखिन नआएकाले नियमावलीको व्यवस्थाको बदरको माग दाबी मनासिब नदेखिने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट राजनीतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३ को नियम १५(ख) तथा नियम १६ को व्यवस्था संविधानसँग बाझिएको नदेखिएकाले प्रस्तुत रिट निवेदनमा विपक्षी निर्वाचन आयोगबाट लिखित जवाफ मगाई रहनुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल मङ्सिर २९ गते रोज ६ शुभम्।

१४

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WC-००१६, उत्प्रेषण / परमादेश, *शम्भुबहादुर कार्कीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निजामती सेवा ऐन, २०४९ को दफा ११ मा अस्थायी नियुक्तिसम्बन्धी व्यवस्थाअन्तर्गत लोक सेवा आयोगले आफूले सञ्चालन गरेको परीक्षामा स्थायी नियुक्तिका लागि सिफारिस नभएका उम्मेदवारहरू मध्येबाट अस्थायी नियुक्ति गर्ने प्रयोजनका लागि छुट्टै योग्यताक्रमअनुसारको सूची प्रकाशित गर्ने, निजामती सेवाको कुनै रिक्त पदमा अस्थायी नियुक्ति गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयले लोक सेवा आयोगमा पठाउनु पर्ने, सोबमोजिम लेखी आएमा लोक सेवा आयोगले योग्यता क्रमको सूचीमा रहेको व्यक्तिलाई सम्बन्धित मन्त्रालयको मागको आधारमा अस्थायी नियुक्ति गर्न नाम सिफारिस गरी पठाउने, त्यसरी सिफारिस भएका व्यक्तिलाई बढीमा ६ महिनासम्मका लागि सम्बन्धित मन्त्रालयले अस्थायी नियुक्ति गर्ने, त्यसरी अस्थायी नियुक्ति गरेको जानकारी सम्बन्धित मन्त्रालयले सात दिनभित्र सामान्य प्रशासन मन्त्रालयलाई दिनुपर्ने तथा यस दफाविपरीत कसैले अस्थायी नियुक्ति गरेमा त्यस्ता नियुक्ति भएको निजामती कर्मचारीले खाइपाई आएको

तलब भत्ता र अन्य सुविधाबापतको रकम नियुक्ति गर्ने पदाधिकारीबाट सरकारी बाँकीसरह असुलउपर गरिने व्यवस्था रहेको देखिन आउने।

अस्थायी कर्मचारीलाई सामाजिक सुरक्षा तथा स्थायी कर्मचारीसरह सुविधा प्राप्त गर्नुपर्ने भन्ने निवेदकको माग रहेको छ सो सम्बन्धमा विचार गर्दा वर्षौंदेखि अस्थायी सेवामा कार्यरत रहेको कर्मचारीले सामाजिक सुरक्षा तथा सुविधा पाउनु पर्ने भन्ने निवेदकहरूको माग दाबी सकारात्मक भए पनि यो विषय राज्यको नीतिगत विषयभित्र पर्ने कुरा हो। यो विषयमा राज्यले आफ्नो नीतिबमोजिम कानूनी व्यवस्थाको माध्यमबाट सम्बोधन गर्न सक्ने विषय भएको सन्दर्भमा यस संवैधानिक इजलासबाट संविधानको धारा १३३(१) बमोजिम न्यायिक पुनरावलोकनको रोहमा हेरिने विषयवस्तु रहेको देखिएन । यस अवस्थामा प्रस्तुत रिट निवेदनमा निवेदकहरूले लिएको दाबी मनासिब देखिन नआएकाले प्रस्तुत रिट निवेदनमा थप केही विचार गरिरहन नपर्ने।

तसर्थ, निजामती सेवा ऐन, २०४९ को दफा ११ को अस्थायी कर्मचारीसम्बन्धी व्यवस्था तथा सो ऐनमा स्थायी कर्मचारीसरह अस्थायी कर्मचारीले सुविधा नपाउने भन्ने व्यवस्थाहरू संविधानसँग बाझिएको देखिन नआएको यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम्।

१५

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७३-WC-००३३, उत्प्रेषण / परमादेश, *शम्भुकुमार दास वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

सार्वजनिक प्रशासनका जुनसुकै सेवाको आ-आफ्नो छुट्टै उद्देश्य र सांगठनिक ढाँचा रहेको हुन्छ । आफ्नो उद्देश्यबमोजिम गठन भएका त्यस्तो संगठनले प्रदान गर्ने सेवाको आ-आफ्नै मौलिक चरित्र तथा आवश्यकता रहेको हुन्छ । त्यस्ता संगठनको उद्देश्यको पूर्ति गर्नका लागि बनाइने कानूनको पनि आ-आफ्नै मौलिक चरित्र हुने गर्दछन्। प्रहरी सेवा पनि अन्य सेवाभन्दा छुट्टै र विशिष्ठ उद्देश्य लिएर स्थापित भएको संस्था हुने।

रिट निवेदकले निजामती सेवा ऐन, २०४९ को दफा ७ मा जुन वर्षको लागि विज्ञापन भएको हो, सो वर्ष हुने विज्ञापनमा उम्मेदवार उपलब्ध नभएमा अर्को वर्ष हुने विज्ञापनमा समावेश गर्नुपर्ने प्रावधान रहेबमोजिम प्रहरी नियमावलीमा नभएकाले प्रहरी नियमावलीको व्यवस्था संविधानविपरीत भएको भन्ने कथन रहे पनि निजामती सेवा र प्रहरी सेवा छुट्टाछुट्टै उद्देश्य र चरित्र भएको सेवा हो । निजामती सेवामा सेवाप्रवेश गर्ने उमेर र सोको प्रक्रियादेखि अवकाशको उमेर एवम् त्यसको प्रक्रियासमेत प्रहरी सेवाभन्दा फरक छ । समाजमा शान्तिसुरक्षा कायम राख्ने गहन जिम्मेवारी भएको प्रहरी सेवामा नियुक्ति सम्बन्धमा गरिएका व्यवस्था पनि अन्य सेवाभन्दा भिन्न तथा मौलिक हुनु स्वाभाविक नै हुने।

रिट निवेदकको निवेदन पत्रमा प्रहरी नियमावलीको उक्त व्यवस्थाले समावेशी सिद्धान्तलाई इन्कार गरेको भन्ने भनाइ रहेको छैन । समावेशी सिद्धान्तबमोजिम पैंतालीस प्रतिशत पद छुट्याइएको भन्ने कुरालाई समेत रिट निवेदनमा अन्यथा भनिएको छैन । त्यसरी ४५ प्रतिशत छुट्याइएको पदमा छुट्टै प्रतिष्पर्धी गराउँदा कोही उत्तीर्ण हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गराउने व्यवस्थाले समावेशी सिद्धान्तलाई चुनौती दिएको भन्न मिल्ने नहुने।

प्रहरी सेवा जस्तो विशिष्ठ प्रकृतिको संगठनमा जनशक्ति आपूर्ति गर्ने प्रक्रियामा कुनै प्रकारको विलम्ब हुन नहुने मान्यता राखिन्छ । सो मान्यताबमोजिम आरक्षणको लागि छुट्याइएको पद पूर्ति हुन नसकेमा त्यस्तो पदलाई वर्षौंसम्म खाली राखी राख्न कुनै दृष्टिकोणबाट पनि मनासिब हुँदैन । त्यसरी पदपूर्ति हुन नसकेको पदलाई खुला प्रतिष्पर्धामा समावेश गरी सोही वर्ष प्रहरी जनशक्ति आपूर्ति हुन सक्ने व्यवस्थालाई अङ्गिकार गरेको नियमावलीको उक्त व्यवस्थालाई अन्यथा भन्न सकिने अवस्था नदेखिने ।

आत्मगत रूपमा कानूनको कुनै व्यवस्था संविधानविपरीत भएको भनी दाबी लिइँदैमा अदालतले आफ्नो असाधारण अधिकार क्षेत्रको प्रयोग गरी बदर गरी हाल्ने हुँदैन । प्रहरी संगठनको विशिष्ठ आवश्यकतासमेतको पृष्ठभूमिमा नेपाल सरकारले बनाएको उक्त नियमावलीको व्यवस्था संविधानविपरीत नदेखिएकाले निवेदन दाबी मानसिब नदेखिने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट प्रहरी नियमावली, २०७१ को नियम ९(११) को व्यवस्था संविधान तथा अन्य कुनै कानूनसँग बाझिएको तथा उक्त व्यवस्थाले संविधानप्रदत्त मौलिक हक प्रचलनमा बाधा उत्पन्न गरेको मान्न मिल्ने अवस्था नभएकाले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटर: विनोदकुमार बनिया
इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम् ।

१६

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WC-००२२, उत्प्रेषण / परमादेश, कमलेश द्विवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

रिट निवेदकले प्रस्तुत रिट निवेदकमा जिकिर लिएको मुलुकी ऐन, अदालती बन्दोबस्तको १९३क नं. तथा १९४ नं. को प्रश्न सम्बन्धमा यस अदालतको ५ न्यायाधीश सम्मिलित बृहत् पूर्ण इजलासबाट निवेदक शशिकान्त तिवारी विपक्षी नेपाल सरकार भएको ०७४-AP-०००२ को मुद्दामा विस्तृत व्याख्यासहित मिति २०७४।७।२८ मा आदेश भएको देखिने ।

उक्त आदेशमा भएको व्याख्या र विवेचनाबाट रिट निवेदकले प्रस्तुत रिट निवेदनमा दाबी गरेको विषयवस्तुको सम्बोधन भइसकेको देखिन्छ । यस अवस्थामा प्रस्तुत विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु पर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७४ साल मङ्सिर २९ गते रोज ६ शुभम् ।

१७

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WC-००२४, उत्प्रेषण / परमादेश, *पुन्नेप्रसाद थारूसमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(४) (मिति २०७०।१२।१२ को राजपत्रमा प्रकाशित) को व्यवस्था हेर्दा माथिल्लो तहमा स्तर वृद्धि भएको कर्मचारीले ऐनको दफा १७ को उपदफा (३) वा दफा ९ख बमोजिम पदस्थापना नभएसम्म निज जुन तहबाट स्तर वृद्धि भएको हो सोही तहको काम गर्नु पर्नेछ भन्ने व्यवस्था भएको देखिन्छ । उक्त व्यवस्थाले माथिल्लो तहमा स्तर वृद्धि भएका कर्मचारीले स्तर वृद्धि भएको पदमा पदस्थापन नभएसम्म साबिककै तहको पदमा रही काम गर्नुपर्ने भन्ने कुरालाई इंगित गरेको देखिन्छ । ऐनको उक्त व्यवस्थाको अध्ययन गर्दा स्तर वृद्धि भएको

कर्मचारीको व्यवस्थापन गर्ने प्रक्रियासँग सम्बन्धित रहेको देखिएको सन्दर्भमा सो व्यवस्थापनसम्बन्धी व्यवस्थाले संविधानप्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाएको वा मौलिक हकको प्रचलनमा बाधा उत्पन्न गरेको भन्ने देखिन नआउने।

आफूहरूलाई पहिले अधिकृत छैठौं तहमा स्तर वृद्धि गरिएकोमा मिति २०७१।११।१३ को निर्णयअनुसार पदस्थापन गर्दा घटुवा गरी सहायक पाँचौं तहमा पदस्थापन गरिएकाले उक्त निर्णय उत्प्रेषणको आदेशले बदर हुनुपर्ने निवेदकको जिकिर छ, सो सम्बन्धमा विचार गर्दा सोसम्बन्धी विषयवस्तुको निरूपण संवैधानिक इजलासबाट हुनुपर्ने विषय नै होइन । संवैधानिक इजलासले हेरी निरूपण गर्नुपर्ने विषयवस्तु नभएको अवस्थामा प्रस्तुत रिट निवेदनको माग दाबीतर्फ थप विचार गरी रहनु पर्ने नदेखिने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(४) को व्यवस्था संविधानसँग बाझिएको नदेखिएकाले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम्।

१८

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-WC-००२५, उत्प्रेषण / परमादेश, *ग्रिन लाइन मिडिया प्रा.लि.समेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदकहरूले चुनौती दिएको राष्ट्रिय प्रसारण नियमावली, २०५२ नेपाल सरकारले राष्ट्रिय प्रसारण ऐन, २०४९ ले दिएको अधिकार प्रयोग गरी बनाएको देखिन्छ । सो नियमावलीको अनुसूचीमा केबल टेलिभिजन प्रसारण गर्ने अनुमतिको दस्तुर साबिकको रू. एक लाखबाट रू.दश लाख पुऱ्याएको कार्य संविधानविपरीत रहेको भन्ने निवेदकहरूको कथन रहेको छ । मूलत: नियमावलीको अनुसूचीमा अनुमतिपत्र दस्तुरमा घटी बढी गरिएको कार्यउपर संविधानको धारा १३३(१) बमोजिम न्यायिक पुनरावलोकन गरी हेरिने विषय होइन र रिट निवेदकले उठाएको यस विषयवस्तुको निरूपणको लागि संवैधानिक इजलासमा पेस हुने नै नहुने।

नियमावलीमा अनुमतिपत्र दस्तुरमा गरिएको वृद्धिसम्बन्धी व्यवस्था के कसरी संविधानको व्यवस्थासँग बाझिएको भन्ने कुरा रिट निवेदकले उल्लेख गर्न सकेको पाइँदैन । ऐनले दिएको अधिकारभन्दा बाहिर गई नियमावली जारी भएको भन्नेतर्फ निवेदकहरूको जिकिर पनि छैन । यस अवस्थामा नियमावलीको अनुसूचीमा अनुमति दस्तुरमा गरिएको वृद्धि संविधानविपरीत भएको भन्ने निवेदकहरूको दाबी मनासिब नदेखिने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट राष्ट्रिय प्रसारण नियमावली, २०५२ को अनुसूची ५(ख) को खण्ड ६ को अनुमति पत्र नवीकरण दस्तुरमा वृद्धि गरिएको प्रश्न यस संवैधानिक इजलासबाट निरूपण हुने विषय नभएकाले विपक्षीहरूबाट लिखित जवाफ मगाई रहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७४ साल मङ्सिर २९ गते रोज ६ शुभम्।

१९

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की**, ०७३-WC-०००१, उत्प्रेषण / परमादेश, *राधेश्याम झासमेत वि. राष्ट्रपतिको कार्यालय, शीतल निवास, काठमाडौंसमेत*

स्थायी शिक्षक र अस्थायी शिक्षक समान अवस्थाको हुन नसक्ने हुँदा फरक अवस्थाको व्यक्तिको हकमा राज्यले कानूनी व्यवस्थाको माध्यमबाट फरक व्यवहार गरेको कार्यलाई समानताको सिद्धान्तविपरीत भन्न मिल्दैन । उक्त संशोधित व्यवस्थाले खुला प्रतिस्पर्धामा आउन नचाहने अस्थायी शिक्षकको हकमा केही हदसम्म भए पनि सुविधा प्रदान गरेको देखिएकाले रिट निवेदकले दाबी लिएकोजस्तो संविधानले प्रदान गरेको मौलिक हकको प्रचलनमा बाधा पुर्‍याएको भन्ने देखिन आएन । यस अवस्थामा उक्त संशोधित व्यवस्था बदर र अमान्य घोषित हुनपर्ने भन्ने निवेदकको दाबी मनासिब नदेखिने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट शिक्षा ऐन, २०२८ को आठौं संशोधन, २०७३ द्वारा संशोधित दफा ११(च) को उपदफा (९) को व्यवस्था संविधानसँग बाझिएको नदेखिएकाले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफसमेत माग गरिरहनु परेन । प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम् ।

२०

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७३-WC-०००३, उत्प्रेषण / परमादेश, *वीरेन्द्रप्रसाद थपलिया वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदकले चुनौती दिएको सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ नियमावलीहरू बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले जारी गरेको देखिन्छ । उल्लिखित नियमावलीमा उल्लेख भएको परिपूरण एवम् क्षतिपूर्तिसम्बन्धी व्यवस्था अपर्याप्त तथा अपूर्ण भएको भन्ने रिट निवेदकको कथन रहेको छ । वस्तुत: उक्त नियमावलीहरूले गरेको परिपूरण तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था पर्याप्त भयो वा भएन भन्ने कुरा संविधानको धारा १३३(१) बमोजिमको असाधारण अधिकारक्षेत्रबाट न्यायिक पुनरावलोकनको रोहमा हेरिने विषय होइन । त्यस्तो परिपूरण तथा क्षतिपूर्तिको मापदण्ड तथा सीमा के कस्तो हुने भन्ने राज्यको नीतिगत विषयवस्तुभित्र पर्ने कुरा हुने ।

नेपाल सरकारले ऐनले दिएको अधिकारअन्तर्गत जारी गरेको नियमावली, संविधान तथा कुनै कानूनसँग बाझिएको अवस्थामा मात्र अदालतले धारा १३३(१) बमोजिम न्यायिक पुनरावलोकन गरी बाझिएको देखिएको अवस्थामा मात्र बदर हुने हो । तर रिट निवेदकले चुनौती दिएको नियमावलीमा भएका व्यवस्था संविधान तथा कानूनसँग बाझिएको देखिन नआएकाले निवेदन दाबी मनासिब देखिन नआउने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नियमावली, २०७२ मा भएका परिपूरण तथा क्षतिपूर्तिसम्बन्धी व्यवस्था संविधान र कानूनसँग बाझिएको नदेखिएकाले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

इति संवत् २०७४ साल मङ्सिर २९ गते रोज ६ शुभम् ।

२१

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७३-WC-०००६, उत्प्रेषण,

*भरतमणि गौतम वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

संविधानको धारा २९६ को उपधारा (१) र (३) को व्यवस्थालाई हेर्दा तत्काल कायम रहेको संविधान सभा संविधान प्रारम्भ भएपछि व्यवस्थापिका संसद्मा रूपान्तरित भएको र त्यसरी रूपान्तरित भएको व्यवस्थापिका संसद्ले प्रतिनिधि सभाको निर्वाचन नभएसम्म संघीय संसद्ले संविधानबमोजिम गर्नुपर्ने सम्पूर्ण कार्यहरू गर्न सक्ने भन्ने उल्लेख भएको पाइयो । संविधानको धारा ८३ मा प्रतिनिधि सभा र राष्ट्रिय सभा नामका दुई सदनसहितको एक संघीय व्यवस्थापिका हुनेछ जसलाई संघीय संसद् भनिने छ भन्ने उल्लेख भएको छ । उक्त व्यवस्थाअनुसार धारा २९६ बमोजिम रूपान्तरित व्यवस्थापिका संसद्ले प्रतिनिधि सभा र राष्ट्रिय सभासमेतका दुवै सभाको अधिकार प्रयोग गरी संघीय संसद्को हैसियतमा कार्य सम्पन्न गर्न सक्ने भन्ने कुरा संविधानमा नै स्पष्ट व्यवस्था रहेको देखिन आउने ।

रूपान्तरित संसद्ले संघीय संसद्को अधिकार प्रयोग गरी गरेको संविधानको संशोधनको कार्यलाई संविधानको व्यवस्थाअन्तर्गतकै काम कारबाही भएको भन्ने देखिन आएकोले उक्त संशोधन संविधानविपरीत भएको भन्ने निवेदन दाबी मनासिब नदेखिने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट संविधानको धारा २९६ बमोजिम रूपान्तरित व्यवस्थापिका संसद्ले संघीय संसद्को हैसियतमा नेपालको संविधानमा गरेको संशोधन संविधानको व्यवस्थाविपरीत भएको देखिन नआएकोले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरी रहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम् ।

२२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की**, ०७३-WC-००१६, उत्प्रेषण / परमादेश, भद्रप्रसाद नेपालसमेत वि. सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं

वस्तुतः रिट निवेदकले चुनौती दिएको जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(२) को व्यवस्था फैसला कार्यान्वयनसँग सम्बन्धित व्यवस्था भएको देखिन आउँछ । नियमावलीको उक्त व्यवस्था अदालतबाट भएको अन्तिम फैसलाबमोजिम फैसलाले ठहरेको दण्ड जरिवाना, सरकारी बिगो वा आदेशले लागेको बाँकी कोर्ट फी, दशौंद विशौंद आदि तिर्नु बुझाउनु पर्ने व्यक्तिले नतिरेकोमा वा नबुझाएको अवस्थामा आकर्षित हुने व्यवस्था हुने ।

अदालतबाट भएका फैसला न्यायको उद्घोषसम्म हो भने फैसलाको कार्यान्वयन न्यायको गन्तव्य हो । अदालतबाट भएका फैसला कार्यान्वयनबाट नै पीडितले न्याय पाउने र कसुरदारले सजाय पाउने हो । फैसला कार्यान्वयनबाट न्यायको अभिष्ट पूरा हुन्छ । अदालतको फैसला कार्यान्वयनको सहजता र सुनिश्चिताको दृष्टिकोणबाट फैसलाले लागेको दण्ड तथा जरिवाना असुलउपर गर्ने उपायस्वरूप फैसला कार्यान्वयन नभएसम्म त्यस्ता व्यक्तिको चल तथा अचल सम्पत्तिको विवरण तयार गरी रोक्का तथा कब्जा गरिनेसम्म हो । यो व्यवस्थाको फैसला कार्यान्वयनको सुनिश्चितताको एउटा प्रक्रियाको रूपमा रहेको हुने ।

अदालतको फैसलाबमोजिम तोकिएको कैद भुक्तान भएमा वा निर्धारित जरिवाना तिरिएको अवस्थामा त्यस्तो चल अचल सम्पत्ति स्वतः फुकुवा हुने हुन्छ । त्यस्तो सम्पत्तिउपरमा पुनः हक स्थापित हुन्छ । यसरी अदालतबाट भएको फैसला कार्यान्वयनको सुनिश्चितताका लागि कसुरदार ठहरिएको व्यक्तिको

सम्पत्तिलाई सुरक्षणसम्म गरिएको प्रक्रियागत व्यवस्थाबाट संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हकको प्रचलनमा बाधा उत्पन्न भएको मान्न मिल्ने नदेखिने।

संविधानले प्रदान गरेको सम्पत्तिसम्बन्धी हक निरपेक्ष हक होइन। धारा २५ मा उल्लेख भएको व्यवस्थाअनुसार पनि कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक प्राप्त हुने देखिन्छ। उक्त व्यवस्थाबाट सम्पत्ति आर्जन भोग, बेचबिखनलगायतका कार्य कानूनको अधीनमा नै रही गर्नुपर्ने भन्ने कुरामा विवाद हुन नसक्ने।

अदालतको फैसलाले दण्ड जरिवानासमेत भएको कसुरदारले तोकिएको दण्ड जरिवाना नबुझाएको अवस्थामा त्यस्ता कसुरदारलाई तोकिएको दण्ड जरिवाना असुलउपर गर्ने प्रयोजनका लागि निजको जुनसुकै चल अचल सम्पत्ति रोक्का तथा कब्जामा लिइने कार्य गर्न संविधानको धारा २५ मा उल्लिखित सम्पत्तिसम्बन्धी हकले रोक लगाएको मान्न मिल्ने देखिँदैन। यस अवस्थामा नियमावलीको उक्त व्यवस्था संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हकसँग बाझिएको भन्न मिल्ने नहुने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट जिल्ला अदालत नियमावली, २०५२ को दफा ७५(२) को व्यवस्था संविधानद्वारा प्रदत्त मौलिक हकसँग बाझिएको नदेखिएकाले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिएकाले विपक्षीबाट लिखित जवाफ माग गरिरहनु पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम्।

२३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की**, ०७३-WC-००२०, उत्प्रेषण / परमादेश, *वीरेन्द्रकुमार ठाकुरसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

रिट निवेदनको मुख्य दाबी भनेकै विपक्षी आयोगको प्रतिवेदन सो आयोगलाई प्राप्त कार्यादेशविपरीत भएको र नेपाल सरकारले घोषणा गरेको स्थानीय तहको निर्वाचनसम्बन्धी सूचना सोही प्रतिवेदनका आधारमा भएको भन्ने आधारमा बदरको मागदाबी भएको सन्दर्भमा उक्त विषय यस संवैधानिक इजलासबाट निरूपण गर्नुपर्ने विषयवस्तु रहे भएको नदेखिने।

रिट निवेदकले दाबी लिएको आयोगको प्रतिवेदन आयोगलाई प्राप्त कार्यादेश र क्षेत्राधिकारविपरीत भए नभएको भन्नेसम्बन्धी प्रश्नको निरूपण संवैधानिक इजलासले गर्ने विषय होइन। त्यस्तै नेपाल सरकारले स्थानीय तहको निर्वाचन केन्द्र तोक्ने कार्य एवम् स्थानीय तहको गठन सम्बन्धमा गरेका निर्णयको न्यायिक पुनरावलोकन पनि यस इजलासको कार्यक्षेत्रभित्रको विषय नहुने।

यसरी प्रस्तुत रिट निवेदनको मागदाबी अध्ययन गरी हेर्दा प्रथमदृष्टिमा नै संवैधानिक इजलासबाट निरूपण हुनपर्ने विषय नदेखिएकोले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गर्नुपर्ने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर २९ गते रोज ६ शुभम्।

२४

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री**

**दीपककुमार कार्की,** ०७३-WC-००२१ / (०६९-WO-१०३५), परमादेश, *सुषमा द्विवेदी (लोहनी) वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवदनमा निवेदकले मुख्य रूपमा राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ९ बमोजिम सो ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले नियमावली, बनाई ऐनअनुसार दर्ता र गठन भएका संघ संस्थाहरूलाई उचित तवरले नियमन गर्नुपर्नेमा नियमावली, नबनाई विपक्षीहरू आफ्नो जिम्मेवारीबाट विमुख भएकाले ऐनले व्यवस्था गरेबमोजिम नियमावली, बनाई संघ संस्थाहरूलाई नियमन गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको माग दाबी लिई प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ । यस अदालतको संयुक्त इजलासबाट प्रस्तुत रिट निवेदनमा संवैधानिक प्रश्न समावेश रहेको भनी संवैधानिक इजलासमा प्रेषित गर्ने भनी आदेश भएबमोजिम निर्णयार्थ यस इजलाससमक्ष पेस भएको देखिने ।

प्रस्तुत रिट निवेदनमा निवेदकले राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ९ बमोजिम नियमावली बनाई लागू गर्न भनी विपक्षी निकायहरूका नाममा परमादेशको माग गरेको देखिएको सन्दर्भमा संवैधानिक इजलासबाट निरूपण हुनुपर्ने कुनै गम्भीर संवैधानिक प्रश्न प्रस्तुत रिट निवेदनमा सन्निहित रहेको नदेखिने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल मङ्सिर २२ गते रोज ६ शुभम् ।

२५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की**, ०७३-WC-००२५, उत्प्रेषण / परमादेश, *दानबहादुर विश्वकर्मासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

संविधानमा प्रयुक्त दलित भन्ने शब्द संविधान संशोधनको माध्यमबाट थप गरिएको व्यवस्था नभई संविधान सभाले बनाएको मूल संविधानमा नै समाविष्ट भएको शब्द रहेको देखिन्छ । संविधान सभाले समाजका रहेका उत्पीडित उपेक्षित तथा सीमान्तकृत वर्गका व्यक्ति तथा समुदायलाई राज्यका तर्फबाट विशेष संरक्षण प्रदान गर्ने उद्देश्यले संविधानमा दलित भन्ने शब्द प्रयोग गरी सोहीबमोजिमको संरक्षणका विशेष व्यवस्थाहरू राखिएको भन्ने देखिने ।

विधायिकाले संविधानको संशोधनबाट संविधानका मौलिक चरित्र र आधारभूत सिद्धान्तविपरीतका व्यवस्था थप गरिएउपर यस अदालतले न्यायिक पुनरावलोकनको रोहमा त्यस्ता थपिएका व्यवस्थाको परीक्षण गर्ने भन्ने छुट्टै कुरा हो तर मूल संविधानमा भएको व्यवस्था एकआपसमा असङ्गत रहेको भनी न त अदालतले अनुमान नै गर्छ, न त संविधानमा कुनै व्यक्ति जाति वा समुदायलाई होच्याउन वा तिनीहरूको जातिय पहिचानलाई अवमूल्यन गर्ने उद्देश्यले कुनै शब्द वा भाषा राखिएको हुन्छ भन्ने कल्पना गर्ने ।

निवेदकहरूले दाबी गरेको दलित भन्ने शब्द संविधान सभाबाट बनेको मूल संविधानमा नै उल्लेख भएको देखिएको सन्दर्भमा धारा १३३(१) को असाधारण अधिकार प्रयोग गरी यस अदालतले न्यायिक पुनरावलोकनको रोहमा परीक्षण गर्ने विषयवस्तु भएको देखिन आएन । त्यसैगरी संविधानले नै आत्मसात् गरेको शब्द नै विभिन्न कानूनहरूमा प्रयोग भएको भन्ने निवेदककै कथन रहेको सन्दर्भमा त्यस्ता कानूनमा भएको शब्द संविधानविपरीत रहेको भन्न मिल्ने पनि नहुने ।

आफूहरूको पहिचान शिल्पी भन्ने नामाकरणबाट हुनुपर्ने भनी निवेदकहरूको उठाएको विषय सान्दर्भिक र मनासिब देखिए पनि यस

अदालतको क्षेत्राधिकारभित्र नपर्ने उक्त विषयमा विधायिकाले संविधान संशोधन हुँदा आवश्यक विचार गर्नसक्ने भएकाले यस रिट निवेदनको रोहमा प्रस्तुत विषयमा केही गरिरहनु पर्ने अवस्था नहुने ।

तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट रिट निवेदकहरूले दाबी लिएको विषयमा न्यायिक पुनरावलोकन हुनसक्ने नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर २९ गते रोज ६ शुभम् ।

२६

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७३-WC-००२६, उत्प्रेषण / परमादेश, *उज्वलबहादुर थापा वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

वस्तुतः स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६ को उपदफा (६) र (७) को व्यवस्था अध्ययन गर्दा ती व्यवस्थाहरू स्थानीय तहको निर्वाचन गर्ने प्रयोजनका लागि राजनीतिक दलहरूलाई के कसरी निर्वाचन चिह्न प्रदान गर्ने, निर्वाचन चिह्न प्रदान गर्दाको आधार के कस्तो हुने भन्नेसम्बन्धी प्रक्रियागत व्यवस्थाहरू उल्लेख भएको देखिन्छ । त्यसैगरी निर्वाचन चिह्न प्राप्त नगर्ने दलको उम्मेदवार तथा स्वतन्त्र रूपमा खडा भएका उम्मेदवारले के कसरी निर्वाचन चिह्न प्राप्त गर्ने भन्ने सम्बन्धमा पनि सोही दफामा व्यवस्थित गरिएको देखिने ।

निवेदनमा दाबी गरेबमोजिम स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६(६) र (७) को उल्लिखित व्यवस्थाले राजनीतिक दल गठन गरी सञ्चालन गर्न तथा दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्न तथा त्यसको प्रचार प्रसार गर्न गराउन बाधा वा अवरोध पुऱ्याएको भन्न मिल्ने नदेखिने ।

रिट निवेदकको दललाई निर्वाचनमा भाग लिन तथा निर्वाचन चिह्न प्राप्त गर्नसमेत उल्लिखित व्यवस्थाले कुनै प्रकारको रोक लगाएको भन्ने देखिँदैन । निर्वाचनमा भाग लिने राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिह्न वितरण गर्ने प्रयोजनका लागि त्यसको वितरणको आधार के कस्तो हुने भन्ने सम्बन्धमा विधायिकाले कानूनी उपायद्वारा व्यवस्थित गरिएको उल्लिखित व्यवस्था प्रथमदृष्टिमा नै संविधानसँग बाझिएको भन्ने नदेखिएकाले न्यायिक पुनरावलोकनको माध्यमबाट थप केही विचार गरिरहनु पर्ने देखिन नआउने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६(६) र (७) को व्यवस्था संविधानसँग बाझिएको देखिन नआएकाले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ मगाई रहनुपर्ने अवस्थासमेत देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल मङ्सिर २७ गते रोज ४ शुभम् ।

२७

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७३-WC-००२८, उत्प्रेषण, *विष्णुबहादुर क्षेत्री वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

मुलुकी ऐन, अ.बं. १४४ नं. को उक्त व्यवस्थाअनुसार मुद्दाका पक्षहरू आफैँले आफ्ना साक्षीहरूलाई अदालतले तोकेको दिन अदालतमा उपस्थित गराउनु पर्ने दायित्व तोकिएको पाइन्छ ।

उक्त व्यवस्थाको अपवादको रूपमा पुर्पक्षको लागि थुनामा रहेको अभियुक्तले आफ्ना साक्षी बुझिपाउँ भनी अदालतमा निवेदन दिएको अवस्थामा अदालतले त्यस्ता साक्षीलाई समाह्वान जारी गरी बुझ्न मिल्ने देखिन्छ । सो व्यवस्थाअनुसार अदालतको आदेशले पुर्पक्षको लागि थुनामा रहेको अभियुक्तको हकमा मात्र उपर्युक्तानुसारको सुविधा अदालतले प्रदान गर्ने भन्ने देखिन आएको छ । समाह्वान जारी गरिदिने उक्त सुविधा जुनसुकै मुद्दामा कैदमा रहेका व्यक्तिसम्म विस्तार हुनसक्ने अवस्था नदेखिने ।

रिट निवेदक पुर्पक्षको लागि थुनामा रहेको अभियुक्त नभई ठगी मुद्दामा कैदसमेतको सजाय हुने ठहरेको फैसलाबमोजिम कैदमा रहेको व्यक्ति रहेको भन्ने निजको निवेदन लेखबाटै देखिएको छ । रिट निवेदक पुर्पक्षका लागि थुनामा रहेका व्यक्ति होइनन् । अ.बं. १४४ नं. को व्यवस्था भनेको पुर्पक्षको लागि थुनामा रहेको व्यक्तिको हकमा मात्र आकर्षित हुने अवस्थामा सो व्यवस्थाले समान अवस्थाका व्यक्तिबीच असमान व्यवहार गरेको भन्ने देखिन आएन । निवेदन दाबीबमोजिम उक्त व्यवस्था समानताको सिद्धान्तविपरीत रहेको मान्न मिलेन । यस अवस्थामा अ.बं. १४४ नं. को व्यवस्था बदर हुनुपर्ने भनी निवेदकले लिएको दाबी मनासिब नदेखिने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट मुलुकी ऐन, अ.बं. १४४ नं. को व्यवस्था समानताको सिद्धान्तविपरीत रहेको देखिन नआएकोले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरी रहनु पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम् ।

२८

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या. श्री दीपककुमार कार्की**, ०७३-WC-००३७, उत्प्रेषण, डेगराज काफ्ले वि. व्यवस्थापिका संसद्, सिंहदरबारसमेत

रिट निवदकले दाबी गरेको कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १४ को व्यवस्था लिखतको गोप्यतासँग सम्बन्धित रहेको भन्ने कुरा सो दफाको शीर्षकमा उल्लेख भएको देखिन्छ । कर फछ्र्यौट आयोगको स्थापना नै बक्यौता करहरू असुलउपर गर्नको लागि भएको भन्ने कुरा सो ऐनको प्रस्तावनामा उल्लेख भएको पाइन्छ । प्रस्तावनामा उल्लेख भएको उद्देश्य परिपूर्ति गर्नका लागि अधिकार सम्पन्न आयोगले आफ्नो कामकारबाही सहज र प्रभावकारी ढङ्गले सम्पन्न गर्न सकोस् भन्ने उपाय स्वरूप सो व्यवस्था राखिएको भन्ने बुझ्न सकिने ।

विधायिकाद्वारा कानूनी व्यवस्थाको माध्यमबाट के कस्ता प्रकारको लिखत सार्वजनिक गर्न हुने र के कस्तो गर्न नहुने तथा कस्तो प्रकारको लिखत अदालतमा प्रमाण लाग्ने तथा नलाग्ने भन्ने प्रबन्ध गर्नसक्ने हुँदा त्यस्तो कानूनी प्रबन्धबाट अदालतको नियमित अधिकारक्षेत्रको कटौती गरिएको भन्ने अर्थमा बुझ्न मिल्दैन । कुनै विशेष प्रकारको लिखत अदालतमा प्रमाण नलाग्ने भन्ने व्यवस्थाले कुनै अदालतको क्षेत्राधिकारमा हस्तक्षेप गरिहाल्ने पनि होइन । बक्यौता कर असुलउपर गर्ने विशेष ऐनको रूपमा जारी भएको उक्त ऐनको सो व्यवस्था पनि विशेष अवस्थामा माग आकर्षित हुने भएकाले संविधानको धारा १३३, १४४ र १५१ समेतका व्यवस्थासँग बाझिएको भन्न मिल्ने अवस्था नदेखिने ।

अनुसन्धानको लागि कानूनबमोजिम स्थापित कुनै पनि निकायले उक्त दफा १४ बमोजिम नेपाल सरकारबाट अनुमति लिई सो आयोगमा पेस भएका कागजात अनुसन्धान गर्न रोक लगाएको नदेखिने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट

कर फछ्र्यौट आयोग ऐन, २०३३ को दफा १४ को व्यवस्था संविधानसँग बाझिएको नदेखिएकाले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल मङ्सिर २९ गते रोज ६ शुभम्।

२९

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७४-WC-०००७, उत्प्रेषण / परमादेश, *पाण्डव हमाल वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदकले चुनौती दिएको शिक्षा ऐन, २०२८ को दफा ११ मा जिल्ला शिक्षा समितिको गठनसम्बन्धी व्यवस्था रहेको पाइन्छ। जिल्लाभित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने कामसमेतको लागि प्रत्येक जिल्लामा एक जिल्ला शिक्षा समितिको गठन हुने भन्ने कुरा उपदफा (१) मा उल्लेख भएको देखियो। दफा (२) मा जिल्ला शिक्षा समितिमा रहने सदस्यसम्बन्धी व्यवस्था उल्लेख भएकोमा समितिमा रहने सदस्यमध्ये खण्ड (ङ) मा जिल्ला भित्रका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्येबाट जिल्ला शिक्षा समितिले मनोनित गरेको एकजना तथा खण्ड (च) मा जिल्लाभित्रका संस्थागत विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनित गरेको एकजना सदस्य रहने व्यवस्था भएको देखिने।

जिल्ला शिक्षा समितिको गठनसम्बन्धी दफा ११ मा भएको व्यवस्था हेर्दा सो समितिमा विभिन्न प्रक्रियाबाट सदस्यहरूको मनोनयन हुने व्यवस्था रहेको पाइन्छ। सोहीबमोजिम सामुदायिक र संस्थागत विद्यालयतर्फबाट समितिमा प्रतिनिधित्व हुने सदस्यको मनोनयन प्रक्रिया पनि फरक हुँदैमा उक्त व्यवस्था विभेदकारी वा समानताको सिद्धान्तविपरीत मान्न मिल्दैन। उक्त समितिमा संस्थागत विद्यालयका प्रतिनिधित्वलाई निषेध हुने गरी कुनै व्यवस्था गरिएको भन्ने निवेदन दाबी नहुने।

केबल सामुदायिक र संस्थागत विद्यालयको प्रतिनिधित्व चयन गर्ने प्रक्रिया असमान भएकै आधारमा सो व्यवस्था संविधानसँग बाझिएको भन्न मिल्ने हुँदैन। यस अवस्थामा ऐनको उक्त व्यवस्था धारा १८ द्वारा प्रदत्त समानताको हकसँग बाझिएको भन्ने निवेदन दाबी मनासिब नदेखिने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट शिक्षा ऐन, २०२८ को दफा ११ को खण्ड (ङ) र (च) को व्यवस्था संविधानसँग बाझिएको भन्ने देखिन नआएकोले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम्।

३०

**स.प्र.न्या.श्री गोपाल पराजुली, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री दीपककुमार कार्की,** ०७४-WC-००१७, संविधानसँग बाझिएको कानून अमान्य र बदर गरिपाऊँ, *कैलाश सुब्बासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदकले चुनौती दिएको ऐनका व्यवस्था अध्ययन गर्दा उल्लिखित व्यवस्थाहरू संविधानसँग बाझिएको भन्ने देखिँदैन। जहाँसम्म बीमा भन्ने विषय स्वेच्छिक तथा अनैच्छिक विषय हो वा होइन तथा करार हो वा होइन भन्ने प्रश्न संवैधानिक इजलासबाट

निरूपण हुनुपर्ने विषय नै होइन । संविधानको धारा १३३(१) बमोजिमको असाधारण अधिकारक्षेत्रको रोहमा यस्तो विषयको निरूपण नगरिने हुँदा रिट निवेदकले दाबी लिएको विषयमा यस इजलासले थप केही विचार गरी रहन नपर्ने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३ र ४, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद ८ र तथा ऐ. नियमावलीको परिच्छेद-७ मा गरिएको बीमासम्बन्धी व्यवस्था संविधानसँग बाझिएको नदेखिएकाले यस विषयमा विपक्षीहरूबाट लिखित जवाफ माग गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम् ।

३१

**स.प्र.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या. श्री केदारप्रसाद चालिसे**, ०७१-WS-००११, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरूले आयकर ऐन, २०३१ तथा ऐ.ऐ नियमावली, २०३९ बमोजिम कर छुटको प्रमाणपत्र प्राप्त संस्थाले प्राप्त गर्ने चन्दा, उपहार, रकम, कर छुट हुने तर अन्य व्यावसायिक कारोबार र लगानीबाट प्राप्त आयमा आय विवरण पेस गरी कर तिर्नुपर्ने भन्ने व्यवस्था र वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ को दफा ३१ को कानूनी व्यवस्था संविधानसँग बाझिएकाले प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरिपाउँ भनी माग गरेको विषय यस अदालतमा विचाराधीन रहेकै अवस्थामा व्यवस्थापिका संसद्द्वारा आर्थिक ऐन, २०७५ पारित गरेको भन्ने कुरा मिति २०७५।३।३२ को नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट देखिने ।

निवेदक संस्थाले आर्थिक वर्ष २०७४/०७५ सम्मको आय विवरण तथा सोअनुसार लाग्ने कर, जरिवाना, थप दस्तुर शुल्क तथा ब्याज बुझाई कर चुक्ता प्रमाणपत्र लिइसकेको भनी दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा व्यक्त गर्नुभएको देखिएबाट निवेदक संस्था आयकर छुट दर्ताको श्रेणीमा नपर्ने कुरालाई निवेदक स्वयंले स्वीकार गरेको देखिएको भए पनि उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा रिट निवेदकको मागको सम्बोधन भई सो व्यवस्थाबमोजिम कर चुक्ता प्रमाणपत्र प्राप्त गरिसकेको अवस्थामा प्रस्तुत रिट निवेदनको तथ्यभित्र प्रवेश गरी थप व्याख्या र विश्लेषण गरिरहनुपर्ने देखिन नआउने ।

तसर्थ रिट निवेदकहरूले आर्थिक ऐन, २०७५ को दफा २३ बमोजिम कर चुक्ता गरी कर चुक्ताको प्रमाणपत्रसमेत प्राप्त गरिसकेको हुँदा निवेदकको मागसमेत सम्बोधन भइसकेको अवस्था देखिएकाले निवेदकले चुनौती दिएको कानूनी व्यवस्थाको संवैधानिकतातर्फ थप विचार गरिरहन परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रीताकुमारी बख्रेल

इति संवत् २०७५ साल मङ्सिर २६ गते रोज ४ शुभम् ।

यसै प्रकृतिका निम्न रिट निवेदनहरूमा पनि यसै प्रकृतिका आदेश भएका छन् :

- ०७१-WS-००१२, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००१३, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००१४, उत्प्रेषण,

*पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

- ०७१-WS-००१५, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००१६, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००१७, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००१८, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००१९, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को* कार्यालय, सिंहदरबार, काठमाडौंसमेत
- ०७१-WS-००२०, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००२१, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००२२, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००२५, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००२६, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००२७, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००२८, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००२९, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००३०, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००३१, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००३२, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००३३, उत्प्रेषण,

*पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

- ०७१-WS-००३४, उत्प्रेषण, *पिताम्बरप्रसाद आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

३२

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०६५-WS-००३७, उत्प्रेषण, *किशोर बास्कोटा वि. नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटारसमेत*

निवेदक र निजका नामको कम्पनीलाई मिति २०६६।३।१ मा लेखापरीक्षकको सूचीबाट हटाउँदा राष्ट्र बैंकले बिनाकारण प्रवृत्त भई हटाएको नभई निवेदकउपर अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर भएको कारणले हटाएको भन्ने देखिने।

संविधानद्वारा प्रदत्त पेसा, रोजगारी र व्यवसाय गर्ने हक निरपेक्ष हक नभई प्रचलित कानूनको अधीनमा रही उपभोग गर्न पाइने हक हो । यस्तो हकको निःसर्त दाबी सर्वथा उचित हुने विषय पनि होइन । कसैको मौलिक हकमा अनुचित तवरले वा गैरकानूनी तवरले बन्देज लगाइएमा यस अदालतले सो हकको प्रचलनका लागि उपयुक्त आदेश जारी गर्न सक्दछ । तर प्रचलित कानूनबमोजिमको आधार लिई गरिएका कुनै कार्यबाट कसैको कुनै हक शंकुचन भएमा त्यस्तो हकलाई निरपेक्ष हक मानी अदालतले जहिलेसुकै हस्तक्षेप गर्न पनि मिल्दैन । निवेदकउपर प्रचलित कानूनबमोजिम भ्रष्टाचारको मुद्दा दायर भएपछि निजलाई प्रचलित कानूनबमोजिम नेपाल राष्ट्र बैंकबाट दिइएको निर्देशनबमोजिम लेखापरीक्षकको आधिकारिक सूचीबाट हटाइएको काम कारबाहीलाई अन्यथा भन्न पनि नमिल्ने।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लागू भई साबिकमा रहेको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ नै प्रतिस्थापन भएको देखिन्छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ मा राष्ट्र बैंकले लेखापरीक्षकको सूची प्रकाशन गर्ने प्रावधान नै रहेको देखिँदैन। यसरी निवेदकलाई तत्काल प्रचलित बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ अन्तर्गत नेपाल राष्ट्र बैंकलाई प्राप्त अधिकारबमोजिम लेखापरीक्षकको सूचीबाट हटाइएकोमा सो ऐनअन्तर्गत रहेको लेखापरीक्षकको सूची तोक्ने व्यवस्था नै खारेज भइसकेको अवस्थामा नेपाल राष्ट्र बैंकबाट मिति २०६६।२।३१ मा जारी गरेको निर्देशन नं. २ को व्यवस्थाको औचित्य नै समाप्त भएको देखिँदा सो निर्देशन नं.२ को व्यवस्था संविधानसँग बाझिएकोले बदर गरिपाउँ भन्ने रिट निवेदन नै निष्प्रयोजन भएको देखिने।

अतः विवेचित तथ्य एवम् कारणबाट संविधानसँग बाझिएको भनी दाबी लिएको राष्ट्र बैंकबाट मिति २०६६।२।३१ मा जारी भएको निर्देशनको निर्देशन नं.२ मा भएको व्यवस्थाको औचित्य नै समाप्त भइसकेको हुँदा रिट निवेदनको तथ्यभित्र प्रवेश गरी उक्त व्यवस्था संविधानसँग बाझिएको हो होइन भनी थप विवेचना गर्नुपर्ने प्रयोजन नै समाप्त भएको हुँदा निवेदन मागबमोजिम कुनै आदेश जारी गर्न परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७५ साल जेठ १८ गते रोज ६ शुभम्।

३३

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०७१-WS-००३७, उत्प्रेषण,

*सुजया अधिकारीसमेत वि. मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबार, काठमाडौंसमेत*

कुनै पनि संगठित संस्था वा कानूनबमोजिम खडा भएको निकायमा सेवा सञ्चालनका लागि रिक्त पदहरूको पूर्ति कुनै खास विधि वा प्रक्रियाबाट गर्न कानूनले मार्ग प्रशस्त गर्न नसकिने होइन। केबल त्यस्तो कानूनी व्यवस्थाको उद्देश्य कपटपूर्ण, विभेदकारी, पक्षपातपूर्ण छ, छैन भन्ने कुराका आधारमा मात्रै त्यसको वैधानिकतामा अदालतले हस्तक्षेप गर्नु पर्ने हुन सक्छ। निवेदकहरूले उल्लेख गरेको कानूनी व्यवस्था सदाकालका लागि निवेदकहरू लगायत कोषको करार सेवामा नरहेका व्यक्तिहरूलाई प्रतिस्पर्धा नै गर्न नपाउने गरी अनन्तकालसम्म खुला प्रतिस्पर्धालाई नियन्त्रण, निषेध र निरूत्साहित गर्न बनेको देखिँदैन। विनियम ३.१०(३) मा प्रयुक्त शब्दावलीबाटै कोषको स्वीकृत दरबन्दीमा करारमा सेवा गरिरहेका कर्मचारीहरूलाई एकपटकको लागि मात्रै उमेरको हद गणना नगरी करारमा कार्यरत कर्मचारीहरूबीच प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने भन्ने देखिन्छ। यसबाट त्यस्ता करारमा कार्यरत कर्मचारीहरूले कोषमा कार्यरत रही पुऱ्याएको योगदानको कदर हुनुको साथै कोषले समेत लामो समयदेखि कार्यरत करार सेवाका जनशक्तिको कार्य अनुभव र दक्षताबाट लाभ प्राप्त गर्ने मार्ग प्रशस्त गरेको देखिने।

एउटा स्वायत्त र स्वतन्त्र निकायले आफ्नो सहज गतिविधि सञ्चालन गर्नको लागि चाहिने जनशक्ति स्वतन्त्र ढङ्गबाट आपूर्ति गर्न सरकारी निकायबाट पूर्ण स्वतन्त्र रहन सक्ने कुरामा विवाद छैन। लुम्बिनीको संरक्षण र सम्बर्द्धन गरी समग्र विकास गर्ने जिम्मेवारी बहन गर्ने निकायको रूपमा रहेको लुम्बिनी विकास कोषलाई कर्मचारीलगायतको व्यवस्थापकीय स्वायत्तता प्रदान गरेको अवस्थामा कानूनबमोजिम सो संस्थामा लामो समयदेखि कार्यरत रहेका करारका कर्मचारीहरूका लागि एकपटक सीमित प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति गर्ने गरी नेपाल सरकारको पूर्वस्वीकृति लिएर लुम्बिनी विकास कोष कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी विनियमावली, २०५८ को विनियम ३.१०(३) मा संशोधन भएको देखिने।

लुम्बिनी विकास कोषको रिक्त पदहरूमा करार सेवामा रहेर लामो समयसम्म संस्थालाई सेवा दिएको व्यक्तिको अनुभवलाई मूल्याङ्कनको आधार बनाउने उद्देश्यका साथ भएको संशोधित विनियम ३.१०(३) को व्यवस्था कुनै संस्थामा रहेर लामो समयसम्म सेवा गरी अनुभव लिएको व्यक्तिबाट प्राप्त हुन सक्ने सेवा कोषले कुनै व्यक्ति विशेषको पक्षमा नभई संस्थामा काम गरेको अनुभवको आधारमा एकपटकका लागि छुट दिई गरेको विशेष व्यवस्थाले योग्यता प्रणालीलाई नै अन्यथा असर पार्दछ भनी निवेदकले लिएको जिकिर औचित्यपूर्ण मान्न नसकिने।

विपक्षी लुम्बिनी विकास कोषमा सेवा करारमा कार्यरत कर्मचारीहरू संविधानद्वारा संरक्षित विशेष अवस्थाका व्यक्ति रहेको भन्ने नदेखिए पनि लामो समयसम्म अस्थायी वा सेवा करारमा रहेर राज्यलाई योगदान दिएको भन्ने आधारमा निजामती सेवा ऐन, शिक्षा सेवा ऐनलगायतका विभिन्न कानूनमा एक पटकका लागि विशेष व्यवस्था गरी सेवाभित्र अस्थायी र करारमा कार्यरत कर्मचारीहरूलाई मात्र परीक्षामा सामेल हुने अवसर दिई परीक्षासमेत सञ्चालन भई स्थायी हुने मौका दिइएको सन्दर्भसमेतलाई दृष्टिगत गर्दा समान अवस्थाका सरकारी सेवामा कार्यरत कर्मचारीहरूलाई दिइएको सुविधासरह नै लुम्बिनी विकास कोषमा कार्यरत अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरूबीच एक पटकका लागि सीमित प्रतिस्पर्धा गराउने गरी गरिएको व्यवस्थाले रिट निवेदकलगायतका अन्य व्यक्तिहरूको व्यापार व्यवसाय तथा पेसासम्बन्धी स्वतन्त्रताको हकलाई कुण्ठित गरेको भन्न नमिल्ने।

करार सेवा वा अस्थायी कर्मचारीको रूपमा

कार्यरत रहेका सरकारी सेवाका कर्मचारीहरूलाई समेत एक पटकका लागि उमेरको हद नलाग्ने र सीमित प्रतियोगितात्मक परीक्षामा सामेल हुन पाउने गरी मुलुकको विधायिकाले नै कानून बनाई सुविधा दिइसकेको देखिएको अवस्थामा लुम्बिनी विकास कोषमा करार सेवामा कार्यरत कर्मचारीहरूलाई सोहीअनुसार एकपटकका लागि उमेरको हद नलाग्ने गरी सीमित प्रतियोगितामा सहभागी हुने अवसर दिई सो कोषको कर्मचारी सेवा, सर्त विनियमावली, २०५८ को विनियम ३.१०(३) मा गरिएको कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३, १८ तथा हाल नेपालको संविधानको धारा १७(२)(च) तथा १८ समेतसँग बाझिएको भन्ने नदेखिँदा उक्त व्यवस्था बदर गरिपाउँ भन्ने निवेदन मागसँग सहमत हुन नसकिने।

अब रिट निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्छ, मिल्दैन भन्ने सम्बन्धमा माथि पहिलो प्रश्नको निरूपण गर्दा गरिएको विश्लेषण र सिद्धान्तसमेतका आधारमा लुम्बिनी विकास कोष कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०५८ मा भएको तेस्रो संशोधनद्वारा संशोधित विनियम ३.१०(३) नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (३)(च), धारा १३, १८, १९ तथा २७ एवम् वर्तमान नेपालको संविधानको धारा १७(२)(च), १८, २५, २७ र ३३ सँग बाझिएको अवस्था नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७५ साल जेठ १८ गते रोज ६ शुभम्।

३४

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०७१-WS-००३८, उत्प्रेषण / परमादेश, *सम्झना सुवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक निजामती सेवाअन्तर्गत शिक्षा मन्त्रालयअन्तर्गतको मातहतको कर्मचारी नभई स्वास्थ्य मन्त्रालयअन्तर्गतको नेपाल स्वास्थ्य सेवाको आयुर्वेद समूहको कर्मचारी रहेको देखिन्छ। निवेदकलाई बी.ए.एम.एस. अध्ययनको लागि शिक्षा मन्त्रालयअन्तर्गतको छात्रवृत्ति कोटामा शिक्षा मन्त्रालयबाट मनोनित गरिएको भन्ने मिसिल संलग्न कागजातबाट खुल्न आएको देखिन्छ। सो छात्रवृत्तिमा निवेदकलाई मनोनयनका लागि सेवा सञ्चालन गर्ने स्वास्थ्य मन्त्रालयबाट शिक्षा मन्त्रालयमा अनुरोध भई गएबमोजिम शिक्षा मन्त्रालयबाट मनोनयन भएको भनी निवेदनमा खुलाउन सकेको नदेखिने।

निवेदकले आफैँ प्रयास गरी शिक्षा मन्त्रालयलाई प्राप्त छात्रवृत्ति कोटामा शिक्षा मन्त्रालयबाट मनोनयन गरिएको भन्ने देखियो । निवेदकले अध्ययन गरेको विषय स्वास्थ्य सेवाको लागि आवश्यक वा उपयोगी हो, होइन भनी निरूपण गर्ने जिम्मेवारी स्वास्थ्य मन्त्रालयको हो भन्ने कुरामा कुनै द्विविधा छैन । निवेदकले अध्ययन गर्ने अवसर प्राप्त गरेको विषयको सम्बन्धमा स्वास्थ्य मन्त्रालयले सान्दर्भिकता, आवश्यकता र उपयोगिता निरूपण गर्नको लागि सो विषयको छात्रवृत्ति स्वास्थ्य मन्त्रालयमा प्राप्त भएको देखिनु आवश्यक हुन्छ। तर निवेदकले आफूले अध्ययन गर्न लागेको विषयमा स्वास्थ्य मन्त्रालयले उपयोगिता र आवश्यकता निरूपण गर्ने अवसर के कसरी पाएको हो भन्नेसमेत खुलाउन सकेको नपाइने।

सेवासँग सम्बन्धित नियामक निकाय स्वास्थ्य मन्त्रालयले कुनै जानकारीसमेत नलिएको अर्को मन्त्रालयमा प्राप्त छात्रवृत्तिमा निवेदकले व्यक्तिगत सम्पर्क गरी अध्ययनको अवसर मिलाएको भन्ने निवेदकले नै स्वीकार गरेको देखिन्छ । यसरी निवेदकको नियामक निकाय स्वास्थ्य मन्त्रालयको कुनै

संलग्नता र जानकारी नै नभएको विषयमा निवेदकले निजी तवरले सम्पर्क गरी प्राप्त गरेको सिटमा निज अध्ययन गर्न जाँदा निजले तलबसहितको अध्ययन बिदा पाउने अवस्था नदेखिने।

स्वास्थ्य सेवा नियमावली तथा निजामती सेवा नियमावलीसमेतमा सम्बन्धित समूह उपसमूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा नेपाल सरकारको पूर्वस्वीकृति लिई निजी प्रयासमा अध्ययन गर्न जाने कर्मचारीलाई दिइने अध्ययन बिदा बेतलबी हुने भनी व्यवस्था भएको अवस्थामा तदनुरूप निवेदकलाई उपलब्ध गराइएको बेतलबी अध्ययन बिदा बेमुनासिब नदेखिने।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३(१) मा तेस्रो संशोधनद्वारा थप गरिएको "मन्त्रालयको वा मन्त्रालयलाई प्राप्त स्वदेशी वा वैदेशिक" भन्ने संशोधित व्यवस्था एवम् ऐ. नियम ५३(५) को अन्तिम वाक्यमा रहेको व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५३ तथा वर्तमान नेपालको संविधानको धारा २८५ को उपधारा (१) तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५५ को दफा ८६ख समेतसँग बाझिएको अवस्था नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७५ साल असार १३ गते रोज ४ शुभम्।

यसै प्रकृतिका निम्न रिट निवेदनहरूमा पनि यसै प्रकृतिका आदेश भएका छन् :

- ०७१-WS-००३९, उत्प्रेषण / परमादेश, *शंकरनाथ योगी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००४०, उत्प्रेषण / परमादेश, *लक्ष्मीकान्त चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*
- ०७१-WS-००४३, उत्प्रेषण / परमादेश, *संयजकुमार यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

३५

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या.श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०७१-WS-००४४, उत्प्रेषण / परमादेश, *सीताराम दाहाल वि. संविधान सभा (व्यवस्थापिका संसद्), सिंहदरबारसमेत*

आर्थिक ऐन, २०७१ आ.व. २०७१/०७२ को बजेट कार्यान्वयनको निमित्त लागू भएको र सोही आर्थिक वर्षभित्र कार्यान्वयन भई त्यसपछिको अर्को आर्थिक वर्षको लागि पुनः अर्को बजेट निर्माण भएको र यसैअनुसार प्रत्येक आर्थिक वर्षको लागि व्यवस्थापिका संसद्मा फरकफरक आर्थिक ऐनको निर्माण भई लागू हुने गरेको नेपालको संविधानको धारा ११९ को व्यवस्थाले स्पष्ट गरिरहेको देखिने।

आर्थिक ऐन, २०७१ को क्रियाशीलता आर्थिक वर्ष २०७१/०७२ भित्रमा सीमित भई आ.व. २०७२/०७३ को लागि अर्को आर्थिक ऐन, २०७१ लागू भएको हुने व्यवस्था भएबमोजिम प्रत्येक आर्थिक वर्षको लागि छुट्टाछुट्टै आर्थिक ऐन निर्माण भई लागू हुने गरेको कुरा निवेदकहरूले समेत जानकारी लिने विषय हुने।

एउटा खास आर्थिक वर्षको लागि आएको आर्थिक ऐन, २०७१ को अनुसूची-४ को व्यवस्था सोही आर्थिक वर्षभित्र मात्रै क्रियाशील भई त्यसपछिका आर्थिक ऐनहरूले त्यसलाई निरन्तरता नदिएको अवस्थामा त्यसको प्रभाव सोही आर्थिक वर्ष २०७१/०७२ मा मात्रै सीमित भई हाल प्रभाव शून्य अवस्था रहेको देखिने।

आर्थिक वर्ष २०७५/०७६ मा उक्त विधेयक क्रमशः प्रतिस्थापन हुँदै आर्थिक विधेयक, २०७५ कार्यान्वयनमा रहेको अवस्थामा निवेदकले जिकिर लिएबमोजिमको अवस्था नरहेकोले हाल निष्क्रिय भइसेकेको आर्थिक ऐन, २०७१ को अनुसूची-४ को व्यवस्थाहरूको संवैधानिकता परीक्षण गरिरहनु परेन। यसरी रिट निवेदकले लिनु भएको जिकिरसम्बन्धी विषयहरू हालको आर्थिक अध्यादेश, २०७५ ले समेटेको नदेखिई स्थितिमा नै परिवर्तन भएको हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः पुजा खत्री

इति संवत् २०७५ साल असार १ गते रोज ६ शुभम्।

- यसै प्रकृतिको ०७२-WO-००८६, उत्प्रेषण / परमादेश, *सीताराम दाहाल वि. संविधान सभा (व्यवस्थापिका संसद्), सिंहदरबारसमेत* भएको रिट निवेदनमा पनि यसै प्रकृतिको आदेश भएको छ।

३६

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०७१-WS-००४७, उत्प्रेषण / परमादेश, *गोपाल भूषण पराजुली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को, सिंहदरबार, काठमाडौंसमेत*

कुनै पनि अभियुक्तलाई अदालतले कसुरदार नठहराएसम्म निर्दोष मान्नुपर्ने व्यवस्थाले व्यक्तिको संविधानद्वारा प्रदत्त अन्य मौलिक हक अधिकारहरूको समेत संरक्षण हुने नै हुन्छ। यस्तो व्यवस्थाले व्यक्तिको मानव अधिकारको संरक्षणसमेत गर्ने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने, कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने तथा सामान्य कानूनको प्रयोगमा कुनै पनि आधारमा नागरिकहरूबीच भेदभाव नगरिने भनी मौलिक हकको प्रत्याभूत गरेबाट विधायिकाले निर्माण गरेको हरेक कानूनले नागरिकहरूबीच कुनै पनि प्रकारको भेदभाव नराखी समानतको आधारमा कानून निर्माण गर्दछ भन्ने परिकल्पना कानूनी राज्यले गर्ने।

अ.बं. १९४(३) मा भएको कानूनी व्यवस्थाअनुसार मुद्दा फैसला गर्ने अड्डा वा पुनरावेदन सुन्ने अड्डाले पुनरावेदन गर्ने प्रयोजनको लागिसम्म अदालतबाट मुद्दा पुर्पक्षका लागि थुनामा नबसेको वा थुनामा बस्नु नपर्ने मुद्दामा प्रतिवादीलाई थुनाबाट फैसला हुँदा कैदको सजाय भएको अवस्थामा पनि थुनामा नबसी धरौट वा जमानीमा छोड्न सकिने र त्यसरी धरौट वा जमानी लिँदा सुरूले लिएको धरौटी वा जमानीको अङ्कमा थप पच्चीस प्रतिशतसम्म मात्र लिनुपर्ने गरी धरौटी र जमानीको हद निर्धारण गरिएको देखियो। त्यसैले अ.बं. १९४(३) को कानूनी व्यवस्था निरपेक्ष नभई १९४ को (१) र (२) को सापेक्षतामा मात्र प्रयोग हुन सक्ने देखिने।

निश्चित हदसम्म कैद ठहर भएकोमा पनि तल्लो तहको फैसला पुनरावेदन तहबाट निरूपण नभएसम्म कैदमा नबसी पुनरावेदन गर्न सहज बनाएको देखिन्छ। तदनुरूप सुरू अड्डाले गरको निर्णयउपर पुनरावेदन गर्दा सुरू अड्डा वा अदातलको निर्णय / फैसला सदर भएमा पुनरावेदकलाई सजाय गर्ने साबिकको अदालती बन्दोबस्तको महलको २०३ नं. को व्यवस्थालाई वर्तमान अदालती बन्दोबस्त महलको १९४(३) नं. सँग तुलना गर्न मिल्ने देखिँदैन। सो व्यवस्थाको उद्देश्य नै कैद सजाय पाउने कसुरदारले धरौट वा जमानी दिई पुनरावेदन गर्न पाउने गरी मौका प्रदान गर्नु रहेको भन्ने तथ्य सोही महलको १९४(३) नं. को प्रतिबन्धात्मक वाक्यांशले पुष्टि गरेको देखिने।

विधायिकी ऐनले निश्चित हदसम्म कैद ठहर भएका व्यक्तिलाई तल्लो अदालतको फैसलाउपर पुनरावेदन गर्ने म्यादसम्मलाई वा पुनरावेदन तहबाट

फैसला नभएसम्मको अवधिलाई कैदमा नबसी धरौटी वा जमानी दिई न्यायिक प्रक्रियामा सहभागी बन्न दिएको यस्तो सुविधाको विषयलाई निरपेक्ष हकको रूपमा लिन र संविधानद्वारा प्रदत्त समानताको हक तथा न्यायसम्बन्धी हकको व्यवस्थासँग तुलना गरी दाबी गर्न मिल्नेसमेत देखिँदैन । यो व्यवस्था केबल पुनरावेदन गर्दा तल्लो तहको फैसलाबमोजिम ठहरेको कैदमा सजाय तत्काल कार्यान्वयन नगरी सम्बन्धित व्यक्तिलाई मुद्दाको प्रकृति, ठहरेको कैदको हदसमेतको आधारमा उपलब्ध हुनसक्ने सहुलियतको विषय भएकोले मुद्दाको कारबाहीको लागि गरिएको कानूनी व्यवस्थालाई अ.बं. १९४ नं. को समग्र संरचना, उद्देश्य र प्रयोगको सापेक्षतामा हेर्नुपर्ने ।

केबल अ.बं. १९४(३) लाई मात्रै अलग गरी त्यसको वैधतामा प्रश्न गर्न मिल्ने पनि देखिँदैन । त्यसैले खासखास प्रकृतिका मुद्दाको हकमा आकर्षित हुने अ.बं. १९४(३) नं. को व्यवस्थाले संविधानप्रदत्त मौलिक हकलाई संकुचित, निष्प्रयोजन वा निष्क्रिय बनाउने नभई सम्बन्धित व्यक्तिलाई न्यायिक प्रक्रियामा सामेल हुने अवसर र सुविधा प्रदान गरेको अवस्था हुँदा यो व्यवस्था संविधानविपरीत नदेखिने ।

तसर्थ उक्त १९४(३) नं. को व्यवस्थाले पुनरावेदन गर्ने कानूनी अधिकारलाई सीमित गरेको वा अंकुश लगाएको नभई पुनरावेदन गर्ने प्रक्रियालाई नै सहज तुल्याउने उद्देश्यले धरौट वा जमानी राख्नुपर्ने व्यवस्था गरिएको हुँदा यस व्यवस्थाले रिट निवेदकको दाबी जस्तो नेपालको अन्तरिम संविधान, २०६३ को धारा १, १३ र २४(४) सँग प्रतिकूल भएको भन्न मिल्ने अवस्था देखिएन । अतः रिट निवेदकको निवेदन मागबमोजिम आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुजा खत्री

इति संवत् २०७५ साउन १६ गते रोज ४ शुभम् ।

३७

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०७२-CC-०००१, उत्प्रेषण / परमादेश, *पुन्द्र नारायण सिपलियासमेत वि. गंगाप्रसाद यादवसमेत*

व्यवस्थापिका संसद्को उपसभामुखमा रहनु भएका विपक्षी गंगाप्रसाद यादवलाई २०४५ सालमा तत्कालीन सगरमाथा अञ्चल अदालतको फैसलाबमोजिम जालसाजी मुद्दामा कसुरदार ठहरी जरिवाना भएको साथै २०४३ सालमा कुटपिट मुद्दामा समेत सोही अदालतबाट कैद र जरिवाना हुने ठहर भएको हुँदा त्यस्तो नैतिक पतन देखिने फौजदारी कसुरमा कसुरदार ठहर भएको व्यक्ति नेपालको संविधानको धारा ८७ अनुसार व्यवस्थापिका संसद्को सदस्य हुन नसक्ने हुँदा निज विपक्षीको संसद् सदस्यता र सो आधारबमोजिम उपसभामुख पदमा रहिरहने योग्यतासमेत नभएकोले सो दुवै पदहरूबाट हटाइ पाउँ भन्ने रिट निवेदकहरूको निवेदन दाबी रहेको देखिने ।

नेपालको संविधानको धारा ८३ र ८४ बमोजिम संघीय संसद् गठन भइसकेको अवस्थामा संविधानबमोजिम गठित नयाँ प्रतिनिधिसभामा विपक्षी गंगाप्रसाद यादवको सदस्यता एवम् प्रतिनिधि सभाको उपसभामुखको हैसियत नै स्वतः समाप्त भइसकेको अवस्था देखिन्छ । यस्तो अवस्थामा विपक्षी गंगाप्रसाद यादव तत्कालीन रूपान्तरित व्यवस्थापिका संसद्को सदस्य र उपसभामुख पदको लागि अयोग्य रहेको भनी निवेदनमा लिएको जिकिर औचित्यहीन भई निष्प्रयोजन भइसकेकोले त्यस्तो प्रयोजन समाप्त भइसकेको विषयमा यस अदालतले थप व्याख्या र विश्लेषण गरिरहनु पर्ने नदेखिने ।

अतः रिट निवेदनमा उठाइएको विषयवस्तु नै असान्दर्भिक र प्रयोजनहीन भएको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः पुजा खत्री

इति संवत् २०७५ साल जेठ १८ गते रोज ६ शुभम् ।

३८

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०७२-WC-०००७, उत्प्रेषण / परमादेश, *शोभाकान्त नेपालसमेत वि. व्यवस्थापिका संसद् सचिवालय, सिंहदरबार, काठमाडौंसमेत*

निजामती सेवा नेपालको संविधानको धारा २८५(१) बमोजिम गठन भएको देशको सिङ्गो प्रशासन संयन्त्रलाई सञ्चालन गरी नागरिकलाई राज्यको तर्फबाट उपलब्ध हुने सेवा प्रवाह गराउने स्थायी संयन्त्र हो। त्यसैले निजामती सेवालाई राष्ट्रको स्थायी सरकार पनि भनिन्छ। सरकारी सेवाको निर्वाध सञ्चालन गर्न निजामती सेवालाई तदनुरूप सवल, सक्षम, निष्पक्ष, व्यावसायिक, पारदर्शी र प्रभावकारी बनाउनु अति आवश्यक हुन्छ । किनभने यसको प्रभावकारिता र सक्षमताले देशमा सुशासन र कानूनको शासन स्थापित गराउने हुँदा यस सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन निजामती सेवाको गठन, सञ्चालन र सेवाको सर्तसम्बन्धी व्यवस्था गर्ने उद्देश्यले व्यवस्थापिकाले निजामती सेवा ऐन तथा नियमावलीको तर्जुमा गरी कार्यान्वयनमा ल्याएको देखिने।

निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० ले निजामती कर्मचारीहरूको सेवाको सर्तको साथसाथै निजामती कर्मचारीहरूले पालना गर्नु पर्ने आचरणका नियमहरूलाई समेत व्यवस्थित गरेको देखिन्छ। कुनै पनि नेपाली नागरिकले निजामती सेवामा प्रवेश गर्दा नै निजामती सेवा ऐन तथा नियमावलीले व्यवस्था गरेका सेवाका सर्त, बन्देज एवम् आचरणका नियमलाई स्वीकार गरेको मान्नु पर्ने।

निजामती सेवा ऐनमा निजामती कर्मचारीहरूको ट्रेड युनियनसम्बन्धी व्यवस्थालाई आत्मसात् गरिएको देखिन्छ। निजामती सेवा देशको समग्र प्रशासनलाई गतिशील बनाई सरकारका नीतिहरूको कार्यान्वयन गर्ने गराउने स्थायी संयन्त्र भएको हुँदा यस्तो संयन्त्रको निष्पक्षता, तटस्थता, स्वच्छताका लागि अन्य निजी क्षेत्रका श्रम वा व्यावसायिक प्रतिष्ठानहरूमा कार्यरत कामदार कर्मचारीहरूको ट्रेड युनियनसरह मानिनु वाञ्छित नहुने।

राज्यको तर्फबाट उपलब्ध गराइने सेवा प्रवाहको सशक्त माध्यमको रूपमा रहने निजामती कर्मचारीहरू र कुनै उत्पादनमूलक वा नाफामूलक उद्योग वा प्रतिष्ठानमा कार्यरत श्रमजीवि मजदुर कर्मचारीहरूको भूमिका, जिम्मेवारी, योग्यता, कार्यक्षेत्र, कार्यप्रकृति र व्यावसायिकता नै फरकफरक हुने हुँदा निजामती सेवामा आवद्ध भई सेवारत निजामती कर्मचारीहरूलाई राज्यले कुनै निजी प्रतिष्ठानमा कार्यरत श्रमिक कर्मचारीभन्दा फरक ढङ्गले परिचालन गर्ने, जिम्मेवारी दिने र सेवाको सुनिश्चितता गर्ने उद्देश्यले छुट्टै निजामती सेवा ऐन, २०४९ र त्यसअन्तर्गत निजामती सेवा नियमावली, २०५० जस्ता विशिष्टिकृत कानूनहरू निर्माण गरी त्यसैअन्तर्गत यो स्थायी संयन्त्र परिचालन गरिआएको देखिने।

राज्यको स्थायी संयन्त्रको एउटै छाताअन्तर्गत आबद्ध निजामती कर्मचारीहरूका विभिन्न श्रेणी, तह र पदहरू विद्यमान छन् । ती प्रत्येक तह, श्रेणी र पदहरूको आ-आफ्नो जिम्मेवारी, भूमिका, कार्यक्षेत्र छ। तदनुरूप नै हरेक पद र तह तथा श्रेणीमा रहेको निजामती कर्मचारीले तोकिएको आफ्नो जिम्मेवारीअन्तर्गत कार्य सम्पादन गरी राज्यको सेवालाई जनतासम्म पुर्‍याउने कार्य गरेका हुने।

राजपत्र अनङ्कित विभिन्न पदहरूमा आबद्ध कर्मचारीहरू समग्रमा निजामती सेवाको कार्य समूहअन्तर्गत जनस्तरमा कार्य गर्ने महत्त्वपूर्ण औजारको रूपमा रहेका देखिन्छन् भने राजपत्राङ्कित पदमा आबद्ध जनशक्तिहरू मूलतः सरकारको नीति निर्माण र त्यसको कार्यान्वयनमा बढी केन्द्रित भई व्यवस्थापकीय जिम्मेवारीमा रहने देखिने।

निजामती सेवामा ट्रेड युनियन स्थापना गर्ने

कानूनी व्यवस्था गरिनुको मूल उद्देश्य राज्यको स्थायी संयन्त्रको रूपमा रहेको निजामती कर्मचारीअन्तर्गत व्यवस्थापकीय भूमिकामा नरहने तर जनताको सेवाका लागि क्रियाशील रहने तल्लो तहका कर्मचारीहरूको सेवा सुरक्षा, सामूहिक सुविधा र हक हितका विषयमा व्यवस्थापकीय भूमिकामा रहने माथिल्लो तह वा नेपाल सरकारसमक्ष खास प्रतिनिधिमार्फत समय समयमा संवाद गरी कुनै समस्या भए एकैपटक समस्या समाधान गर्ने वातावरण सिर्जना गर्नु र सेवा प्रवाहलाई थप दुरूस्त र चुस्त बनाई कर्मचारीको मनोबल उच्च राख्दै प्रभावकारी कार्य सम्पादनमा देखा पर्ने सम्भावित अवरोधहरूलाई हटाउनु पनि हुने।

निजामती सेवाभित्र ट्रेड युनियनको व्यवस्था गर्दा हाम्रोजस्तो बहुलवादमा आधारित समाज र खुल्ला राजनीतिक वातावरण भएको लोकतान्त्रिक मुलुकमा राजनीतिक आस्थाका आधारमा अनेकौं ट्रेड युनियनहरू स्थापना हुने र व्यवस्थापन तहमा रहेको निजामती कर्मचारीले वा सरकारले आफू मातहतका कर्मचारीको हक हितको सम्बन्धमा संवाद गर्दा कुन ट्रेड युनियनसँग गर्ने भन्ने द्विविधा हुने स्थितिलाई ध्यान दिई निजामती सेवा ऐन, २०४९ को दफा ५३(३)(क) मा आधिकारिक ट्रेड युनियन गठन गर्ने सम्बन्धमा विस्तृत व्यवस्था गरिएको देखिने।

निजामती सेवाको कार्य विशिष्ठता, नीति निर्माण र व्यवस्थापनमा रहेको भूमिकासमेतलाई दृष्टिगत गरी कार्यालय प्रमुख भई कार्य गर्ने राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृतहरू र सोभन्दा माथिल्लो श्रेणीका अधिकृतहरूलाई ट्रेड युनियनमा आबद्ध हुन रोक लगाएको देखिन्छ। राजपत्र अनङ्कित कर्मचारीहरू र कार्यालय प्रमुख भई कार्य गर्नु पर्ने बाहेकका राजपत्राङ्कित तृतीय श्रेणीसम्मका अधिकृत कर्मचारीहरूले भने निजामती कर्मचारीको ट्रेड युनियन गठन गर्ने, निर्वाचनमा उम्मेदवारी दिने, मतदान गर्नेलगायतका कार्यमा भाग लिन पाउने गरी कानूनी व्यवस्था भएको पाइने।

व्यवस्थापकीय वा नीति निर्माण तहमा रहने निजामती कर्मचारी वा नेपाल सरकारसँग पेसागत हक हितको विषयमा संवाद गर्न तल्लो तहका निजामती कर्मचारीहरूबाट गठन हुने विभिन्न ट्रेड युनियनहरूलाई समावेश गर्न सेवा प्रवाहका हिसाबले समेत व्यावहारिक नहुने र आधिकारिक ट्रेड युनियन गठन भएमा मात्र त्यसले आधिकारिक रूपमा समग्र निजामती कर्मचारीको हक हितको सम्बन्धमा व्यावसायिक तवरले संवाद गरी सबैको हक, हित र सुविधाको पृष्ठपोषण गर्नसक्ने कुरालाई दृष्टिगत गरी आधिकारिक ट्रेड युनियन खडा गर्ने उद्देश्य लिएको देखिने।

आधिकारिक ट्रेड युनियनको स्थापना विभिन्न ट्रेड युनियनमा आबद्ध कर्मचारीहरूबाटै हुने देखिन्छ। निवेदकहरूसमेत आधिकारिक ट्रेड युनियन गठन प्रक्रियामा समावेश हुन चाहेमा कुनै ट्रेड युनियनमा आबद्ध भई त्यसपछि आधिकारिक ट्रेड युनियनको गठनमा उम्मेदवार हुन, भाग लिन, मतदाता हुन कुनै बाधा भएको नदेखिने।

रिट निवेदकहरूले निजामती कर्मचारीको कुनै ट्रेड युनियन खोल्न, सदस्यता लिन, निर्वाचनमा भाग लिन र आधिकारिक ट्रेड युनियनको निर्वाचनमा समेत भाग लिन पाउने नै देखिँदा निजामती सेवा ऐन, २०४९ को दफा ५३(३)(क), निजामती सेवा नियमावली, २०५० को नियम ११७क(१२) समेतका व्यवस्था नेपालको संविधानको धारा २, १६, १७, १८, २८, २९, ४२ तथा ४६ समेतसँग बाझिएको नदेखिने।

निवेदकहरूलाई निजामती कर्मचारीहरूको ट्रेड युनियन खडा गरी आधिकारिक ट्रेड युनियनको निर्वाचनमा सहभागी हुन कुनै बन्देज लगाइएको नदेखिएको साथै निजामती सेवा ऐन तथा नियमावलीमा निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको निर्वाचन सम्बन्धमा भएको व्यवस्था कार्यान्वयन गर्न बनेको विनियमावलीबमोजिम प्रमुख निर्वाचन अधिकृतको नियुक्ति भई प्रकाशित सूचनाबमोजिम मिति २०७३।२।१९ मा निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको निर्वाचनको कार्य नै सम्पन्न भई कार्यान्वयनमा समेत आइसकेको

भन्ने विपक्षीहरूको लिखित जवाफबाट देखिएको छ । यसरी निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियनको निर्वाचनसम्बन्धी सम्पूर्ण कार्य समाप्त भई आधिकारिक ट्रेड युनियनको गठन नै भइसकेको अवस्थामा रिट निवेदन मागबमोजिमको आदेश जारी गरी रहन परेन । तसर्थ रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७५ साल जेठ २३ गते रोज ४ शुभम् ।

३९

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०७२-WC-००१८, उत्प्रेषण / परमादेश, *जगन्नाथ मिश्रसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

व्यवस्थापिकाबाट निर्माण गरिएका कानून संविधानको भावना र मर्मविपरीत भई मौलिक हकमा अनुचित बन्देज लगाएको वा अन्य कुनै कारणबाट त्यस्तो कानून वा कानूनको कुनै भाग संविधानसँग बाझिएको भन्ने कुनै नेपाली नागरिकलाई लागेमा सो कानून अमान्य घोषित गराउनका लागि सर्वोच्च अदालतसमक्ष निवेदन दिन सक्ने र अदालतले न्यायिक पुनरावलोकनको माध्यमबाट त्यस्तो कानूनको संवैधानिकता परीक्षण गर्न सक्ने गरी संविधानद्वारा सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरेको हुँदा सर्वोच्च अदालत संविधानको संरक्षक र व्याख्याता पनि हुने ।

संविधानद्वारा प्रदत्त हकमा अनुचित रूपमा नियन्त्रण, निषेध वा रोक लगाउने गरी कपटपूर्ण, विभेदकारी तथा पक्षपातपूर्ण कानून निर्माण गरेको अवस्थामा त्यस्तो कानूनको वैधानिकताको सम्बन्धमा यस अदालतले निरूपण गरी कुनै कानून वा त्यसको कुनै भाग वा वाक्यांश वा शव्दावलीलाई आवश्यकताअनुसार बदर घोषित गर्न सक्छ । लिखित संविधान भएको हाम्रो जस्तो मुलुकमा संवैधानिक सर्वोच्चता (Constitutional Supremacy) रहेको कारण संविधानको व्यवस्था, भावना, मर्म र उद्देश्यको बर्खिलाप निर्माण भएका विधायिकी कानूनहरू बदरभागी हुने ।

निवेदकले संविधानमा व्यवस्थित उपर्युक्त हकहरू र नीतिको विषयसँग बाझिएको भनी उल्लेख गरेको कालोबजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २ को (क) र (ख), दफा ३(१), दफा ४, ५ र ६ को कानूनी व्यवस्थाको संशोधनपूर्वको प्रावधान र हाल संशोधित प्रावधान हेर्दा केबल सजायको मात्रालाई सम्म घटाइएको भन्ने देखिन्छ । सोबाहेक संशोधित कानूनी व्यवस्थाले संविधानको धारा ३६, ४१, ५१ को देहाय (घ) को (७) द्वारा निर्दिष्ट मौलिक हकहरू तथा राज्यको नीतिको कुरालाई निषेध गरेको, नियन्त्रण गरेको वा निस्तेज गरेको नदेखिने ।

साबिकमा रहेको सजायको मात्राभन्दा हालको संशोधित सजायको मात्राले संविधानका उपर्युक्त व्यवस्थाहरूलाई उल्लङ्घन गरेको अवस्था पनि छैन । किनभने कुनै पनि अपराधमा बढी सजायको व्यवस्था गर्नु संविधानसम्मत हुने तर घटी सजायको व्यवस्था संविधान बर्खिलाप हुने भनी अर्थ गर्नु कुनै पनि दृष्टिकोणबाट उपयुक्त र वाञ्छित हुन सक्दैन । त्यस्तो स्थितिको कल्पना गरी यस अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गर्दै जाने र यस अदालतले जुनसुकै कसुरको सजाय कानूनमा यो यति हुनुपर्ने भनी निर्धारण गर्दै जाने हो भने विधायिकी अधिकारक्षेत्र र विधायिकी बुद्धिमत्ता (Legislative Wisdom) मा प्रत्यक्ष असर पर्ने हुन्छ । यस्तो स्थितिको अपेक्षा गरी यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत निवेदन दिने सम्बद्ध पक्षले समेत यस तथ्यप्रति संवेदनशील हुन आवश्यक हुने ।

नेपालको संविधानले राज्यका प्रमुख निकायहरू कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकारक्षेत्र, त्यसको विषय, सीमासमेतलाई स्पष्ट निक्यौल गरी तीनवटै निकायहरूबीचको सम्बन्ध र शक्ति सन्तुलन कायम गरी

आ-आफ्नो कार्यक्षेत्र पनि तोकिदिएको छ । संविधानले निर्धारण गरेका सीमाभित्र रही तीनवटै निकायहरू आ-आफ्नो जिम्मेवारी र काम कर्तव्य निर्वाह गर्न पूर्ण स्वतन्त्र रहेका देखिने ।

कुनै निकायले आफ्नो संवैधानिक सीमा नाघी कुनै कार्य गरेको अवस्थामा नियन्त्रण र सन्तुलन गर्ने व्यवस्थाहरू पनि संविधानले नै निश्चित गरिरहेको छ । त्यसरी नियन्त्रण र सन्तुलनको निमित्त एक अङ्गले अर्को अङ्गको कार्यक्षेत्रमा प्रवेश गर्नु परेमा पनि अत्यन्त संयमका साथ संविधानको भावना, मर्म र उद्देश्यअनुरूप अत्यावश्यक अवस्थामा मात्रै एक अङ्गले अर्को अङ्गको कार्यक्षेत्रमा प्रवेश गर्नु पर्ने हुन्छ । अन्यथा कोरा लहड वा प्रयोगका खातिर कुनै पनि अङ्गले अर्को अङ्गको कार्यक्षेत्रमा प्रवेश गरी हस्तक्षेप गर्नु संवैधानिक व्यवस्थाकै भावनाविपरीत हुन जाने ।

कालोबजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २ को (क) र (ख), दफा ३(१) र दफा ४, ५ र ६ मा भएको सजायसम्बन्धी व्यवस्थालाई कम गर्ने कि बढाउने, ती कानूनमा वर्णीत कार्यहरूलाई अपराध मान्ने कि नमान्ने, अपराध मानिएका कार्य गर्नेलाई कति सजाय निर्धारण गरी कानूनमा व्यवस्था गर्ने भन्ने कुरा विधायिकी सुझबुझ र बुद्धिमत्ता (Legislative Wisdom) बाट निर्धारण गरिने विषयहरू हुने ।

विधायिकी नीति, कार्यक्षेत्र र विधायिकी बुद्धिमत्ताबाट यकिन गरिएका विषयहरूमा यस अदालतले बिना आधार हस्तक्षेप गर्न मिल्ने देखिँदैन । त्यसैले उल्लिखित कानूनी व्यवस्थाहरूमा सजाय घटाइएको विषयलाई यस अदालतले हस्तक्षेप गरी संशोधनपूर्वको कानूनी व्यवस्था बहालीको माग गरिएको निवेदन दाबी ग्राह्य नहुने ।

एक वर्षसम्म कैद हुने फौजदारी विवादहरू अदालत वा विशिष्टीकृत अदालत वा सैनिक अदालतबाहेकका अन्य अर्धन्यायिक निकाय वा पदाधिकारीबाट निरूपण गराउन सकिने गरी मार्ग प्रशस्त गरेको देखियो । कालोबजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ अनुसार सजाय हुने मुद्दाको सुरू कारबाही र किनारा गर्ने अधिकार उक्त ऐनमा संशोधन हुनुपूर्व प्रमुख जिल्ला अधिकारीलाई नै रहेको भन्ने निवेदकले स्वीकार गर्नु भएको नै देखिने ।

सबै प्रकारका विवादहरू नियमित अदालतबाट मात्र सुनुवाइ र निरूपण गरिँदा विषय विज्ञता एवम् कार्यविधिगत कारणले मुद्दाको निरूपण ढिलो हुन सक्ने कुरालाई दृष्टिगत गरी विवादको छिटो, छरितो र सरल ढङ्गबाट टुङ्गो लगाउने उद्देश्यले कालोबजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐनअन्तर्गत सजाय हुने केही निश्चित मुद्दाको सुरू कारबाही र किनारा गर्ने अधिकार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अदालत वा अधिकारीलाई हुने र त्यसरी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारीलाई हुने भनी ऐनद्वारा व्यवस्था भएबमोजिम सो ऐनअन्तर्गतका मुद्दाहरू प्रमुख जिल्ला अधिकारीबाट सुनुवाई हुँदै आएको देखिने ।

ऐनबमोजिमको केही कसुरमा सुरू सुनुवाइ र कारबाही गरी तोकिएको अधिकारी वा प्रमुख जिल्ला अधिकारीबाट भएको निर्णयउपर जिल्ला अदालतमा पुनरावेदन लाग्न सक्ने भनी ऐनले नै व्यवस्था गरी त्यस्ता कसुरलाई न्यायिक नियन्त्रणको दायराभन्दा बाहिर पारेको अवस्थासमेत देखिँदैन । यसरी प्रमुख जिल्ला अधिकारीले न्यायको रोहमा गरेको निर्णयको परीक्षण जिल्ला अदालतबाट हुने व्यवस्था गरी सो ऐनअन्तर्गतको कसुरमा न्यायिक नियन्त्रण कायमै रहेको देखिँदा उक्त ऐनअन्तर्गतको कसुरमा सजाय घटाउने गरी भएको संशोधित व्यवस्थालाई कपटपूर्ण विधायन (Colourable Legislation) को रूपमा लिन मिल्नेसमेत नदेखिने ।

अतः कालोबजार तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा साबिकमा भइरहेको सजायलाई घटाउने गरी गरिएको संशोधित

व्यवस्था नेपालको संविधानको धारा ३६, ४४, ५१(घ) सँग बाझिएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७५ साल जेठ २३ गते रोज ४ शुभम् ।

४०

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या. श्री केदारप्रसाद चालिसे**, ०७४-WC-००६५, उत्प्रेषण, *तेजनारायण साह तेली वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

हाम्रो मुलुकमा विगत समयमा विद्यमान रहेको सामाजिक संरचनाअनुसार समाज र परिवारमा पुरूषको वर्चस्व वा अग्राधिकार रहेको सन्दर्भमा महिला वा छोरीलाई पैतृक सम्पत्ति प्राप्त गर्ने कुनै अवसर नै नरहेको र अपवादस्वरूप मात्र छोरीले बाबु आमाबाट अंश प्राप्त गर्ने सीमित र ससर्त हक दिएको सन्दर्भमा यस अदालतले विभिन्न मुद्दाहरूमा प्रतिपादन गरेका सिद्धान्तहरूको माध्यमबाट प्रचलित पारिवारिक कानूनमा संशोधन भई क्रमशः पैतृक सम्पत्तिमा छोरासरह छोरीको पनि समान हक र पहुँच स्थापित भएको देखिने ।

विद्यमान कानूनमा संशोधन भई छोरीलाई पनि छोरासरह पैतृक सम्पत्तिको समान हकदारको रूपमा कानूनी हैसियत स्थापित गरिएको परिप्रेक्ष्यमा संविधान सभाबाट निर्माण भएको नेपालको संविधानले सबै प्रकारका विभेदहरूलाई मूल रूपमा अन्त्य गरेको र यसै क्रममा धारा १८ को उपधारा (५) ले परम्परागत रूपमा पैतृक सम्पत्तिमा छोराको मात्रै हक लाग्ने गरी स्थापित भएको सामाजिक मान्यतालाई अमान्य घोषित गर्दै संविधानतः छोरी र छोराका बीच लिङ्गका आधारमा कुनै भेदभाव गर्न नपाइने, छोरी र छोराले पैतृक सम्पत्तिमाथि बिना कुनै भेदभाव समान हक राख्ने कुरालाई प्रत्याभूति गरेको पाइने ।

संविधानको उक्त धारा १८ को उपधारा (५) को व्यवस्थाले लिङ्गका आधारमा खास लिङ्गको सन्तानले पैतृक सम्पत्ति पाउने र अर्को लिङ्गको सन्तानले नपाउने गरी विभेद गर्नलाई निषेध गरेको अवस्था देखिने ।

घर व्यवहारमा परिवारको पालन पोषण, रेखदेख, भरणपोषण गर्ने र घर सञ्चालन गर्ने अभिभारा भएकोमा मुख्य व्यक्तिले आफ्ना सन्तान छोराछोरीको पालन पोषण, शिक्षादिक्षा, विवाह, स्वास्थ्योपचारलगायत पारिवारिक दायित्वअन्तर्गतका व्यवहार गर्ने वा घरको गर्जो टार्नका लागि पितापुर्खाको पालादेखि पुस्तान्तरण हुँदै आएको चल अचल सम्पत्तिमध्ये चलजति सबै र अचलको हकमा आधासम्म अरू सन्तान छोराछोरी वा अंशियारको मन्जुरी नै नभए पनि आफूखुसी निर्णय गरी खर्च गर्दा पारिवारिक दायित्वअन्तर्गत कुनै व्यवहार सम्पन्न गर्न पाउने देखिन्छ । यसरी पैतृक सम्पत्तिमा घरको मुख्य भई काम गर्ने घरमूलीलाई विशेष अधिकार दिइनुको खास विधायिकी मनसाय देखिने ।

नेपालको कानून प्रणालीमा पैतृक सम्पत्तिबाट सन्तान छोराछोरीले अंश प्राप्त गर्ने कुरालाई नैसर्गिक हकको रूपमा मान्यता दिएको कुरा विदित छ । तर यो अंशको हक निरपेक्ष हक नभई यसमा पनि केही पूर्वसर्तहरू छन् र ती सर्तहरू कारगर नभएको अवस्थामा मात्र सन्तान छोराछोरीलाई बाबु आमाले अंश दिनु पर्ने व्यवस्था गरिएको देखिने ।

अंश दिनु पर्ने कर्तव्य भएको घरमूलीले सन्तान छोराछोरीलाई अंश दिनु पर्ने पैतृक सम्पत्तिको परिचालन नै गर्न नपाउने, व्यवहार नै गर्न नपाउने गरी कानूनी बन्धनयुक्त अवस्थामा राखिदिने हो भने यथार्थमा सम्पत्तिको विद्यमानता भएर पनि त्यसको उपभोग गर्न नपाई घर व्यवहार नै चल्न नसक्ने परिस्थिति उत्पन्न हुने ।

घर व्यवहारको अभिभारा बोकेर मूलीको भूमिकामा बसेको व्यक्तिले आफूले अघिल्लो पुस्ताबाट प्राप्त गरेको पैतृक सम्पत्तिलाई परिचालन गरी सन्तान छोराछोरीको भलाइका लागि वा घर व्यवहारको खाँचो

टार्नका लागि त्यस्तो पैतृक सम्पत्तिको रूपमा रहेको चल जति सबै र अचलको हकमा आधासम्म खर्च गर्न पाउने गरी विधायिकाले अंशबन्डाको १९(१) मा व्यवस्था गरेको हो। उक्त व्यवस्थामा संविधानको धारा १८ को उपधारा (५) मा वर्णित लिङ्गको आधारमा पैतृक सम्पत्तिमा सन्तानलाई भेदभाव गर्न नपाइने भन्ने संवैधानिक व्यवस्थाविपरीत कुनै खास लिङ्गको सन्तानलाई मात्र पैतृक सम्पत्ति दिन पाउने छुट प्रदान गरेको नदेखिने।

घरको मुख्य भई काम गर्ने व्यक्तिले अंशबन्डाको १९(१) नं. बमोजिम गरेको व्यवहारको प्रतिफल खास लिङ्गको अंशियारले मात्रै पाउने गरी मार्ग प्रशस्त गरेको भए सो कानूनी व्यवस्था विचारणीय हुन्थ्यो । तर उक्त व्यवस्थाले लिङ्गको आधारमा पैतृक सम्पत्ति खर्च गर्न छुट दिएको छैन । यसरी एकासगोलका घरको मुख्य भई काम गर्ने व्यक्ति र अन्य अंशियारहरूबीच लिङ्गका आधारमा असमानता कायम गर्ने र मुख्य भई काम गर्ने व्यक्तिलाई स्वेच्छाचारी अधिकार दिने मनसाय विधायिकाको नरहेको र सो कानूनी व्यवस्थाले घरमूलीलाई घरव्यवहार चलाउनको लागि भनी सर्तसहित अधिकार दिएको देखिँदा त्यस्तो कानूनी व्यवस्थाको वैधताउपर बिना आधार निवेदकले दिएको चुनौती ग्राह्य देखिएन । तसर्थ प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाई रहन नपर्ने।

अतः मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) मा भएको व्यवस्था असमान र स्वेच्छाचारी नदेखिएको र संविधानको धारा १८(५) सँग बाझिएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थासमेत नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७५ साल जेठ १८ गते रोज ६ शुभम्।

४१

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी, मा.न्या. श्री ओमप्रकाश मिश्र, मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., मा.न्या.श्री दीपककुमार कार्की, मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०७४-WC-००७३, उत्प्रेषण / परमादेश, सूर्यमान गुरूङ वि. धार्चे गाउँ शिक्षा शाखा, धार्चे गाउँपालिका वडा नं. ४ गुम्दा माछाखोलासमेत

स्थानीय गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै विद्यालयलाई कुन स्थानमा राख्दा उपयुक्त हुन्छ भन्ने कुरा स्थानीय बासिन्दाको पहुँच, सुविधा, बालबालिकाको लागि चाहिने सम्पूर्ण पूर्वाधारहरू हेरी निर्णय गर्ने विषय भएको हुँदा अदालतबाट कुनै पनि आधारबिना हस्तक्षेप गर्ने अवस्था पनि हुँदैन । अतः विद्यालय रहेको स्थान परिवर्तनको विषयलाई न्यायिक परीक्षणको विषय बनाउने निवेदकको प्रयास तथ्यपरक नभई केबल मनोविनोदको लागि हो भन्ने देखिने।

स्थानीय निकायबाट निर्मित कानूनको वैधतालाई चुनौती दिने व्यक्तिले त्यस्तो कानूनको प्रावधान संविधान तथा संघीय कानूनको प्रावधानसँग कसरी बाझिएको छ भन्ने कुरा तथ्यपरक आधारमा खुलाउन सक्नुपर्दछ। त्यस्तो आधार पनि नदेखाउने र आफूले चुनौती दिएको कानूनी प्रावधानमा के व्यवस्था छ भन्ने कुरासम्म पनि पूर्वअध्ययन नगरी हचुवा र लहडका आधारमा यस अदालतको असाधारण अधिकारक्षेत्रभित्र प्रवेश गर्ने निवेदकको कार्य वैयक्तिक नामको लागि गरिएको रहरजस्तो प्रतित हुन्छ। तसर्थ यस्तो हचुवाको आधारमा धार्चे शिक्षा ऐन, २०७५ को दफा ५(१) को वैधताउपर चुनौती दिने निवेदकको निवेदन दाबी ग्राह्य नदेखिने।

आधारहीन र अनुमानको आधारमा यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रवेश गर्दा दायर भएको निवेदनको औचित्यसमेत नदेखिँदा विपक्षीहरूबाट लिखित जवाफसमेत मगाई रहनु नपर्ने।

रिट निवेदन प्रथम दृष्टिमै खारेजभागी देखिएकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः पुजा खत्री

इति संवत् २०७५ साल असार २९ गते रोज ६ शुभम्।